
# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १० | अंक ७५ | काठमाडौं | शुक्रबार, २२ असार २०८० | Prabhab National Daily | Friday, July 07, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रु. ५।-

# एसइई नतिजामा सुधार

## मध्यमस्तरकालाई उत्कृष्टमा उकास्न अझै चुनौती




| ग्रेड | २०७९ | २०७८ |
|---|---|---|
| ए प्लस | २२,४२५ | ९,६३३ |
| ए | ५५,०६९ | ४१,६२७ |
| बी प्लस | ७२,३६२ | ६९,९०० |
| बी | ८९,३३१ | ९०,७५८ |
| सी प्लस | १०२,२९३ | ११२,७३३ |
| सी | ८८,४४७ | १००,५९४ |
| डी प्लस | ३८,७७० | ४४,५८६ |
| डी | २,२०० | ३,२८० |
| ई | १३,९९२ | २२,५३७ |

- अघिल्लो वर्षभन्दा 'ए प्लस' र 'ए ग्रेड' ल्याउनेको संख्या झण्डै तीन प्रतिशत बढी
- सामुदायिक र संस्थागत विद्यालयका आधारमा नतिजालाई तुलना गरेर विद्यार्थीबीच विभेद सिर्जना नगर्ने राष्ट्रिय परीक्षा बोर्डको भनाइ

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** यसपटक माध्यमिक शिक्षा परीक्षा (एसइई)को नतिजामा सुधार देखिएको छ। राष्ट्रिय परीक्षा बोर्ड मातहतको परीक्षा नियन्त्रण कार्यालयले बिहीबार सार्वजनिक गरेको एसइई नतिजामा गत वर्षभन्दा सुधार देखिएको हो। बोर्डले २०७९ चैतमा सञ्चालित एसइई परीक्षाको परीक्षाफल प्रकाशित गरेको छ।

बोर्डका अध्यक्ष डा. महाश्रम शर्मासहितको उपस्थितिमा भक्तपुरस्थित कार्यालयमा बिहीबार बसेको बोर्डको बैठकले परीक्षाफल प्रकाशित गर्ने निर्णय गरेसँगै परीक्षफल प्रकाशित भएको हो। बोर्डले यस वर्ष अन्तिमपटकका लागि २०७२ सालको पद्धतिअनुसार नै सैद्धान्तिक र प्रयोगात्मकको अंक जोडेर परीक्षाफल प्रकाशित गरेको छ।

गत चैत १७ गतेदेखि २९ गतेसम्म देशभरका दुई हजार ३७ परीक्षा केन्द्रमा सञ्चालित परीक्षामा सामुदायिक र संस्थागत विद्यालयका साधारणतर्फ कूल चार लाख ८४ हजार ९३९ विद्यार्थीको सहभागिता रहेको थियो। परीक्षामा दुई लाख ४२ हजार ७१२ जना छात्रा र दुई लाख ४२ हजार ६७४ जना छात्रले भाग लिएको बोर्डको भनाइ छ। बोर्डका अनुसार प्राविधिक धारतर्फ १५ हजार ४६१ जना परीक्षार्थी थिए।

यसपटकको नतिजा हेर्दा अघिल्लो वर्षभन्दा सुध्रिएको देखिन्छ। अघिल्लो वर्ष 'ए प्लस' ल्याउनेको संख्या नौ हजार ६३३ जना रहेकोमा यसपटक यो ग्रेड ल्याउने २२ हजार ४२५ जना रहेका छन्। यो झण्डै दुई प्रतिशतकै वृद्धि हो। त्यसैगरी 'ए ग्रेड' ल्याउनेको संख्या पनि यसपटक १३ हजार ४४२ जना बढी थपिएका छन्। अघिल्लो वर्ष ४१ हजार ६२७ जनाले यो ग्रेड पाउँदा यसपटक 'ए ग्रेड' ल्याउनेको संख्या ५५ हजार ६९ जना छन्। 'बी प्लस'मा अघिल्लो वर्ष ६९ हजार ९०० रहेकोमा यसपटक ७२ हजार ३७२ जनाले यो ग्रेड ल्याउन सफल भए।

एसइईको परीक्षाफल समग्रमा सुधारोन्मुख हुनुमा शिक्षक-विद्यार्थीको मिहेनत र अभिभावकको जागरुकता मुख्य कारण रहेको शिक्षाविद् र शिक्षाकर्मीहरूको बुझाइ रहेको छ। यद्यपि, मध्यमस्तरलाई उत्कृष्टमा उकास्ने चुनौती भने कायमै रहेको देखिन्छ।

शिक्षाविद् डा. मनप्रसाद वाग्लेले मध्यम विद्यार्थीलाई उत्कृष्टमा उकास्ने योजना अबको आवश्यकता रहेको बताए। शिक्षाविद् प्रा.डा. विद्यानाथ कोइरालाले परीक्षाफललाई सरसर्ती हेर्दा स्थानीय तह र विद्यालयहरूमा एक प्रकारको सुधारको जागरण आएको देखिएको बताए। आगामी दिनमा एउटा स्थानीय तह र अर्को स्थानीय तह तथा एक विद्यालय र अर्को विद्यालयबीच प्रतिस्पर्धा गराउँदै हरेक विद्यार्थीलाई प्रविधि र सिकाइसँग जोड्न शिक्षकलाई स्तरोन्नति गर्न सक्ने हो भने अझै नतिजा वृद्धि हुने सुझाव दिए।

नेपाल शिक्षक महासंघकी अध्यक्ष कमला तुलाधरको बुझाइमा सामुदायिक विद्यालयको अवस्था सुधारोन्मुख (बाँकी पृष्ठ ५ मा)

# सत्ताको गणितमा सभामुखको प्रयोग

■ **जेबी योञ्जन**

**काठमाडौं-** कोशी प्रदेशमा सभामुखसमेतको समर्थनमा सरकार गठन भएको छ। प्रदेशसभाका सभामुख बाबुराम गौतमसहित ४७ जना सांसदको समर्थनमा नेपाली कांग्रेस संसदीय दलका नेता उद्धव थापा बिहीबार कोशीको पाँचौं मुख्यमन्त्री नियुक्त भएका हुन्। तर, सरकार गठनमा सभामुखको संलग्नता संविधानविपरीत भएको संविधानविद्हरूले बताएका छन्।



थापालाई प्रदेश प्रमुख परशुराम खापुङले बिहीबार संविधानको धारा १६८ को उपधारा (२) अनुसार मुख्यमन्त्री नियुक्त गरे। कांग्रेसका २९ जना, सभामुखसहित माओवादीका १३ जना, नेकपा एकीकृत समाजवादीका चार जना र जनता समाजवादी पार्टी (जसपा)का एक जना गरी ४७ जना सांसदको समर्थनसहित थापाले आफूलाई मुख्यमन्त्री नियुक्त गर्न प्रदेश प्रमुख खापुङसमक्ष निवेदन दिएका थिए। जसलाई प्रदेश प्रमुख खापुङले अनुमोदन गरिदिए।

संविधानविद् डा. भीमार्जुन आचार्य सरकार गठनमा सभामुखले समर्थन गर्ने कार्य असंवैधानिक भएको बताउँछन्।

उनका अनुसार सभामुखको सरकार गठनमा भएको संलग्नतालाई 'संसद्को अवहेलनाजन्य' कार्यको रूपमा पनि हेर्न सकिन्छ। तटस्थ मानिने सभामुखसमेतको समर्थनमा कोशीमा सरकार गठन भएपछि उनले आक्रोशसमेत पोखेका छन्।

'सभामुखकै संलग्नतामा सरकार गठनको परिकल्पना संविधानले गरेको छैन। यस्तो कार्य असंसदीय र असंवैधानिक छ। सभामुखको पद राजनीतिक रूपमा तटस्थ मानिन्छ,' आचार्यले सामाजिक सञ्जाल ट्वीटरमा लेखेका छन्, 'कोशी प्रदेशका सभामुखको यस्तो कार्य संसद्को अवहेलनाजन्य कार्य हो। (बाँकी पृष्ठ २ मा)

> हामीले सभामुखको नाताले होइन, प्रदेशसभा सदस्यको नाताले समर्थन लिएका हौं।
>
> ■ **उद्धव थापा**, नवनियुक्त मुख्यमन्त्री

> सभामुखकै संलग्नतामा सरकार गठनको परिकल्पना संविधानले गरेको छैन। यस्तो कार्य असंसदीय र असंवैधानिक छ। सभामुखको पद राजनीतिकरूपमा तटस्थ मानिन्छ। कोशी प्रदेशका सभामुखको यस्तो कार्य संसद्को अवहेलनाजन्य कार्य हो।
>
> ■ **डा. भीमार्जुन आचार्य**, संविधानविद्

> संसद्मा मत विभाजन हुँदा पक्ष र विपक्षमा बराबरी मत भएको अवस्थामा सभामुखले मतदान गर्ने संविधानको परिकल्पना हो। तर, कोशीमा त मत विभाजनमा नगई सभामुखले समर्थन गर्नु असंवैधानिक हो। कच्चापन हो।
>
> ■ **लीलामणि पौडेल**
> पूर्वमहासचिव, नेपाल बार

### एमालेको आपत्ति, शेखरको असन्तुष्टि

सभामुख गौतमलाई समेत गणना गरेर सांसदहरूको संख्या ४७ पुऱ्याइएको भन्दै नेकपा एमालेले आपत्ति जनाएको छ। एमाले संसदीय दलका नेता हिक्मतकुमार कार्कीले विज्ञप्ति प्रकाशित गर्दै सभामुख गौतम अहिले कुनै दलको सदस्य नभएको जिकिर गरेका छन्।

'सरकार गठनका लागि सभामुखको नाम गणना गर्न संविधान, कानुन, संसदीय मूल्य, मान्यता, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सिद्धान्त र अभ्यासविपरीत हुन्छ। यसले सभामुखको गरिमामासमेत गम्भीर प्रश्न उठ्नेछ,' निवर्तमान मुख्यमन्त्री कार्कीले भने। (बाँकी पृष्ठ २ मा)


**सन्दर्भ : वैदेशिक रोजगार**

# मागपत्र प्रमाणीकरण समस्याले गुम्दै युरोपको रोजगारी

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** वैदेशिक रोजगारको आकर्षक गन्तव्य देखिएको युरोपेली मुलुकबाट आउने मागपत्र प्रमाणीकरण गर्न समस्या देखिएका कारण युरोपको रोजगारी गुम्ने खतरा देखिएको छ। युरोपका विभिन्न मुलुकबाट ठूलो संख्यामा नेपाली श्रमिकको माग भए पनि सम्बन्धित मुलुक हेर्ने दूतावासहरूबाट समयमै मागपत्र प्रमाणीकरण नहुँदा यस्तो खतरा देखिएको हो।

युरोपका विभिन्न मुलुकबाट नेपाली कामदारको उल्लेख्य माग हुँदाहुँदै पनि सम्बन्धित मुलुक हेर्ने दूतावासहरूले कामको मागपत्र प्रमाणीकरण रोकिदिँदा कामदार पठाउन समस्या भइरहेको वैदेशिक रोजगार व्यवसायीहरूले गुनासो गर्दै आएका छन्। कामदारको मागपत्र सम्बन्धित मुलुक हेर्ने दूतावासबाट प्रमाणीकरण गर्नुपर्ने प्रावधान रहेको छ। दूतावासहरूले प्रमाणित गरेका मागपत्रअनुसार वैदेशिक रोजगार विभागले कामदारलाई विदेश पठाउन पूर्वस्वीकृति दिने व्यवस्था छ।



पछिल्लो समय युरोपेली मुलुकबाट ४० हजारभन्दा बढी नेपाली कामदारको माग रहेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले बताए। 'दूतावासहरूबाट मागपत्र प्रमाणीकरण नहुँदा समस्या हुँदै आएको छ,' उनले भने। रोमानिया, माल्टा, पोर्चुगल, पोल्याण्ड, क्रोएसियालगायत युरोपेली मुलुकबाट भएको मागपत्र नगन्य मात्रामा प्रमाणीकरण भएको बताइएको छ। 'युरोपका थुप्रै मुलुकबाट नेपाली कामदारको माग बढ्दो छ,' अध्यक्ष भण्डारीले भने, 'पछिल्लो समय युरोपबाट ४० हजारभन्दा बढी कामदारको माग छ, मागपत्र प्रमाणीकरण नहुँदा आकर्षक रोजगारीको अवसर गुमाउँदै जानुपर्ने अवस्था छ।'

> युरोपका विभिन्न मुलुकबाट नेपाली कामदारको उल्लेख्य माग हुँदाहुँदै पनि सम्बन्धित मुलुक हेर्ने दूतावासहरूले कामको मागपत्र प्रमाणीकरण रोकिदिँदा कामदार पठाउन समस्या

हाल युरोपका विभिन्न १० मुलुकमा नेपाली दूतावास रहे पनि सम्बन्धित देश हेर्ने दूतावासहरूले मागपत्र प्रमाणीकरणका काम रोकेको भन्दै व्यवसायीहरूले सरोकारवाला निकाय र विभिन्न फोरममा समस्या समाधानको लागि माग गर्दै आएका छन्। केही समयअघि न्युजिल्याण्डबाट आएको ५०० जनाको मागपत्र प्रमाणीकरण हुन नसक्दा रोजगारीको अवसर गुमेको भन्दै संघले आफ्नो स्थापना दिवसको अवसरमा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत सिंह भण्डारीको ध्यानाकर्षण गराएको थियो। साथै युरोपबाट हुने मागपत्र प्रमाणीकरणमा सहजीकरण गरिदिन पनि आग्रह गरेको थियो। पछिल्लो समय व्यवसायीहरूले कामदारसँग लिने सेवा शुल्क परिमार्जन, वार्षिक एक सय जना कामदार विदेश पठाउनै पर्ने व्यवस्था खारेज र युरोपको मागपत्र प्रमाणीकरणमा सहजीकरण हुनुपर्ने प्रमुख मुद्दा बनाउँदै आएका छन्।

मागपत्र प्रमाणीकरण रोकिंदा केही म्यानपावर कम्पनी, एजेन्ट, ट्राभल एजेन्सी र शैक्षि परामर्श केन्द्र (कन्सलटेन्सी)हरूले युरोप पठाउने भन्दै गैरकानुनीरूपमा वैदेशिक रोजगारसम्बन्धी काम गरिरहेको अध्यक्ष भण्डारीले दाबी गरे। युरोप रोजगारीको प्रलोभन देखाएर व्यक्तिगत ठगीका घटना पनि बढ्दै गएको उनको भनाइ छ। युरोपमा औपचारिक माध्यमबाट कामदार पठाउन सके ठगीका घटना रोकिनुकासाथै रेमिटचान्समासमेत वृद्धि हुने भण्डारीले बताए।

मलेसिया तथा खाडी मुलुकको सट्टामा युरोपलाई वैदेशिक रोजगारको वैकल्पिक गन्तव्य बनाउनुपर्ने आवश्यकता रहेको र सोहीअनुरूप सरकारले काम गरिरहेको श्रममन्त्री भण्डारीले विभिन्न मञ्चहरूमा बताउँदै आएका छन्। उनले व्यवसायीहरूलाई विश्वव्यापी श्रमबजारमा नेपाली जनशक्तिलाई आवश्यक सीपसहित पठाउनेसम्बन्धमा सरकारले सहजीकरण गर्ने आश्वासन दिँदै आएका छन्। तर, युरोपको श्रम बजारमा नेपालीको बलियो उपस्थिति जनाउने गरी कुनै प्रक्रिया अघि नबढेको मन्त्रालयकै अधिकारीहरूको भनाइ छ। युरोपको मागपत्र प्रमाणीकरणका सम्बन्धमा धेरै गुनासो आउन थालेपछि यसको विकल्पमा गृहकार्य भइरहेको श्रम मन्त्रालयले जनाएको छ।

युरोपका केही मुलुकमा मात्र नेपाली दूतावास हुँदा एउटै दूतावासले धेरै मुलुक हेनुपर्ने समस्याका कारण मागपत्र प्रमाणीकरणका विषयमा गुनासो आइरहेको मन्त्रालयका सहसचिव एवं वैदेशिक रोजगार व्यवस्थापन महाशाखा प्रमुख राजीव पोखरेलले बताए। उनका अनुसार एउटै नियोगले युरोपका पाँच-सातवटा मुलुक हेनुपर्ने अवस्था रहेकोले मागपत्रको अध्ययन तथा प्रमाणीकरणमा ढिलाइ हुने गरेको छ।

समस्या समाधानका लागि सरकारले वैदेशिक रोजगारसम्बन्धी मागपत्र जाँचबुझ निर्देशिका, २०७५ संशोधनको तयारी गरिरहेको उनले बताए। अब रोजगारको गन्तव्य युरोपलाई नै बनाउनुपर्ने भन्दै पोखरेलले आगामी दिनमा ठूलो संख्यामा नेपालीहरूलाई युरोपको रोजगारीमा पठाउन सकिने बताए।



# काँठ क्षेत्रका सडकको दुरावस्थाले समस्या

**काठमाडौं–** राजधानी वरिपरिका नगरपालिका क्षेत्रकै सडकमा पानी जमेर पोखरी बनी सवारी एवं पैदलयात्रु आवतजावतमा समस्या हुँदा पनि सरोकार भएका निकायको ध्यान जान सकेको छैन । काठमाडौंमा सबै स्थानीय तहलाई नगरपालिका घोषणा गरिएको करिब एक दशक भए पनि सडकको अवस्था भने गाउँ विकास समिति हुँदा र अहिले पनि केही फरक नभएको स्थानीयवासीको गुनासो छ ।

राज्य पुनःसंरचना भई तीन तहको सरकार बनेको पनि छ वर्ष पूरा भएको छ । स्थानीय तहका जनप्रतिनिधिले एक अवधिको कार्यकाल पनि पूरा गरेका छन् । ग्रामीण सडकका समस्या समाधान नहुँदा नगरपालिका बनेका काँठ क्षेत्रमा हिँड्दा समस्यामा पर्ने गरेको बूढानीलकण्ठ नगरपालिका-११ का सन्तोष भण्डारी बताउँछन् ।

उक्त क्षेत्रको सडकको दुरावस्था रहेको उल्लेख गर्दै उनी समस्या समाधानमा स्थानीय सरकारको पनि ध्यान जान नसकेको गुनासो गर्छन् । सडकका नाममा स्थानीय सरकारबाट बजेट उपभोक्ता समितिमार्फत खर्च गर्ने गरिए पनि गुणस्तरीय काम गर्नेभन्दा कागज मिलाएर भुक्तानी लिने क्रम बढेको स्थानीयवासीको दुःखेसो छ । नगरपालिकाको वडा नं १२ स्थित



खरिबोटबाट त्रिवेणीचोक हुँदै आरुबारी जाने सडक जीर्ण भए पनि मर्मत हुनसकेको छैन ।

उक्त सडकको केही भागमा असारको अन्त्यतिर पर्खाल लगाउन लागेको देखिए पनि सडकमा जमेको पोखरीको समस्या उस्तै रहेको स्थानीयवासी नमिता राई बताउँछिन् ।

जनप्रतिनिधि बन्न मत माग्न आउने दलका नेता तथा कार्यकर्ता सडकको अवस्था नाजुक हुँदा भने कानमा तेल हालेर बस्ने गरेको उनको भनाइ छ । सडकका ठाउँ-ठाउँमा पोखरी जमेका कारण पैदल यात्रु सवारीसाधनले छ्याप्ने हिलो पानीले भिज्ने गरेका छन् ।

वडाध्यक्ष शम्भुप्रसाद भट्टराईले सडक निर्माणको कार्यक्षेत्र नगरपालिकाको मात्र नभएकाले सबै सडकमा काम गर्न नसकिएको स्वीकार्दै समस्या समाधानका पहल गर्ने प्रतिबद्धता जनाएका छन् । नगरपालिकाको अन्य क्षेत्रका सडकको अवस्था पनि दयनीय छ । नगरपालिकाले बनाएको सडक एक वर्ष पनि नटिक्ने गरेको उपभोक्ताको भनाइ छ । गुणस्तरीय काम नभएकाले छिटो सडक बिग्रने गरेको छ । नगरपालिकाले बनाएका अधिकांश सडक छिटो बिग्रनुको कारणबारे अध्ययन गरिनुपर्ने स्थानीयवासी राजेन्द्र कोइराला जोड दिनछन् । *रासस*

## एमालेको आपत्ति...

पृष्ठ १ बाट जारी

एमालेमात्रै होइन, कांग्रेस संस्थापनइतरसमेत यो प्रक्रियामा असन्तुष्ट देखिन्छ । थापा मुख्यमन्त्री बनेसँगै कांग्रेस नेता डा. शेखर कोइरालाले असन्तुष्टि पोखेको छन् । 'प्रदेश संसद्को सभामुख संलग्न भएको दलको समर्थनमा सरकार निर्माण हुने प्रक्रियामा सो दलले आफ्नो सदस्य संख्यामा सभामुखलाई समेत गणना गरी पठाउने कुराको संवैधानिक व्याख्या छैन,' शेखरले भनेका छन्, 'तर, सभामुख आफैंले हस्ताक्षर गरेर सरकार गठनमा समर्थन रहेको कुरा लिखितरूपमा पेश गरेको अवस्था हो भने यस्तो कार्य संवैधानिक सर्वोच्चता र लोकतान्त्रिक संसदीय पद्धतिको सिद्धान्तविपरीत हुन जान्छ ।' थापा केन्द्रमा पार्टी सभापति शेरबहादुर देउवा खेमाका नेता हुन् । उनी देउवा खेमाका भएकैले शेखरले असन्तुष्टि पोखेको कांग्रेसकै नेता कार्यकर्ताको आरोप छ ।

### एमालेको पोजिसन कांग्रेसको पोल्टामा

गत निर्वाचनपछि सरकारको नेतृत्व गर्न ठीक्क परेर बसेको कांग्रेसको भाग एमालेका कारण खोसिएको थियो । छ महिनाभित्र कांग्रेसले बदला लिँदै एमालेको सबै पोजिसन खोसेको छ । कांग्रेस ८९ सिटसहित प्रतिनिधिसभामा पहिलो दल बनेको कांग्रेसले उपनिर्वाचनमा एक सिट गुमाएको छ । एमाले ७९ सहित दोस्रो दल हो प्रतिनिधिसभामा ।

पुस १० मा एमालेको सहयोगमा माओवादी अध्यक्ष पुष्पकमल दाहाललाई प्रधानमन्त्री बनाएर सात प्रदेशमध्ये चार प्रदेशको नेतृत्व एमालेको कब्जामा पुगेको थियो । दुई महिनाको प्रयासपछि फागुन १२ मा एमालेलाई पछि पार्दै कांग्रेस सत्तामा घुस्यो । त्यसपछि विस्तारै कांग्रेसले आफूले गुमाएका पोजिसन पोल्टामा पार्दै ल्यायो ।

बिहीबार कोशी प्रदेशमा नेपाली कांग्रेसका थापा मुख्यमन्त्री भएका छन् । कोशीमा नेकपा एमालेका हिक्मत कार्कीको सरकार थियो । केन्द्रमा एमाले अध्यक्ष केपी शर्मा ओलीको सहयोग पाएपछि दाहाल नेतृत्वमा सरकार बनेसँगै सुदूरपश्चिम, लुम्बिनी, गण्डकी र कोशी प्रदेशमा एमाले नेतृत्वको सरकार बनेको थियो । अहिले यी चारवटै प्रदेशमा कांग्रेसले सरकार बनाएको छ ।

सुदूरपश्चिममा पुस २७ मा एमालेका राजेन्द्रसिंह रावल मुख्यमन्त्री नियुक्त भएका थिए । तर, एक महिना नपुग्दै माघ २६ मा विश्वासको मत लिन असफल भएपछि उनको सरकार टिकेन । फागुन १२ मा केन्द्रमा बनेको कांग्रेस-माओवादी गठबन्धन अनुसार सुदूरपश्चिममा माघ २६ मा कांग्रेसका कमलबहादुर शाह मुख्यमन्त्री नियुक्त भए ।

सुदूरपश्चिममा जस्तै लुम्बिनी र गण्डकीमा पनि संघको सत्ता समीकरणको प्रत्यक्ष असर पर्‍यो । पुस २७ मा एमालेका लीला गिरी मुख्यमन्त्री भए पनि उनको सरकार धेरै दिन टिकेन । वैशाख ११ मा गिरीको विश्वासको मतको प्रस्ताव अस्वीकृत भएको थियो । लुम्बिनीमा नेपाली कांग्रेसका डिल्लीबहादुर चौधरी वैशाख १४ मा मुख्यमन्त्री नियुक्त भए । एमाले नेता खगराज अधिकारी पुस २५ मा गण्डकीको मुख्यमन्त्री बनेका थिए । वैशाख ९ मै अधिकारी नेतृत्वको सरकार ढल्यो । अधिकारीपछि कांग्रेसका सुरेन्द्रराज पाण्डे मुख्यमन्त्री नियुक्त भए ।

## सत्ताको गणितमा...

पृष्ठ १ बाट जारी

यसरी सरकार गठन गर्नुभन्दा त प्रदेश सरकार नै नरहनु ठीक हुन्छ ।'

गौतम गठबन्धनको एउटा दल नेकपा माओवादीबाट सभामुख भएका हुन् । उनले समर्थन गरेकै कारण थापा मुख्यमन्त्री नियुक्त भए । संसद्मा सभामुखविना चार दलीय गठबन्धनसँग ४६ जना र नेकपा एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का पनि ४६ जना नै सांसद छन् । दुवै गठबन्धनसँग समान ४६ जना सांसद भएपछि अन्ततः सभामुख गौतमले कांग्रेसहितको गठबन्धनबाट मुख्यमन्त्रीमा दाबी गरेका थापालाई समर्थन गरे ।

यसअघि गत शुक्रबार एमालेका तत्कालीन मुख्यमन्त्री हिक्मतकुमार कार्कीको सरकार ढलेको थियो । संसद्मा आवश्यक एक मत नपाउँदा संसद्को विश्वास गुमाउँदै उनी मुख्यमन्त्रीबाट स्वतः पदमुक्त भए । तर, बिहीबार भने दलीय आबद्धता त्यागेका सभामुख गौतम नै गठबन्धन सरकार गठनको मुख्य कारक बने ।

नेपाल बार एसोसिएसनका पूर्वमहासचिव लीलामणि पौडेल सभामुख गौतमले 'कच्चापन' देखाएको टिप्पणी गर्छन् । उनले सभामुखले मुख्यमन्त्रीमा थापालाई गरेको समर्थनको प्रक्रियाप्रतिसमेत प्रश्न उठाएका छन् ।

'संसद्मा मत विभाजन हुँदा पक्ष र विपक्षमा बराबरी मत भएको अवस्थामा सभामुखले मतदान गर्ने संविधानको परिकल्पना हो,' उनले प्रभावसँग भने, 'तर, कोशीमा त मत विभाजनमा नगई सभामुखले समर्थन गर्नु असंवैधानिक हो । कच्चापन हो ।'

संविधानको धारा १८६ मा प्रदेश सभामुखले प्रदेशसभामा मतदान गर्न पाउने व्यवस्था उल्लेख गरिएको छ । यसमा भनिएको छ, 'प्रदेशसभामा निर्णयका लागि प्रस्तुत गरिएको जुनसुकै प्रस्तावको निर्णय उपस्थित भई मतदान गर्ने सदस्यहरूको बहुमतबाट हुनेछ । अध्यक्षता गर्ने व्यक्तिलाई मत दिने अधिकार हुने छैन,' उक्त धारामा भनिएको छ, 'तर मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले आफ्नो निर्णायक मत दिनेछ ।'

थापालाई मुख्यमन्त्रीमा नियुक्त नगर्न एमाले संसदीय दलका नेतासमेत रहेका पूर्वमुख्यमन्त्री हिक्मतकुमार कार्की र राप्रपा संसदीय दलका नेता भक्तिप्रसाद सिटौलाले बिहीबार दिउँसो नै प्रदेश प्रमुख खापुङलाई ध्यानाकर्षण गरेका थिए । उनीहरूको तर्क सभामुख गौतमलाई निश्चित दलको सांसद मानेर बहुमतको गणित मान्न नहुने थियो ।

यदि, सरकार गठनमा सभामुखलाई समेटिए संविधान, कानुन, संसदीय मुल्य, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सिद्धान्त र अभ्यासविपरीत हुने पनि कार्की र सिटौलाको चेतावनी थियो ।

तर, केही घण्टामै प्रदेश प्रमुख खापुङले थापालाई मुख्यमन्त्री नियुक्त गरे ।

यसलाई लिएर कोशीको सत्ता गठबन्धन, सभामुख र मुख्यमन्त्री थापाको आलोचना भइरहेको छ । आलोचकहरूका अनुसार संसद्को नेता भनिने सभामुख संसद्मा कुनै पार्टी वा गठबन्धनतिर स्पष्टरूपमा ढल्किँदै सरकार गठनमा सहभागी हुनु ठीक होइन ।

हुन पनि संसद्मा सभामुख तटस्थ, निष्पक्ष र स्वतन्त्र हुनुपर्ने संसदीय मान्यता छ । तर, अब कोशीका सभामुख गौतमचाहिँ तटस्थ, निष्पक्ष र स्वतन्त्र रहेनन् ।

यसबारे प्रतिनिधिसभाका पूर्वसभामुख दमननाथ ढुंगाना संसद्का सबै सदस्यहरूको विश्वास आर्जन गर्न सभामुखले यस्तो अवस्थामा नसक्ने र सदन चल्न निकै मुस्किल पर्न सक्ने बताउँछन् । संसद्मा सरकार पक्षबाट प्रस्तुत हुने बजेट, विधेयक, अध्यादेश, संकल्प प्रस्तावलगायत पारित गर्न पनि सभामुखकै भूमिका आवश्यक हुने उनको भनाइ छ ।

तर, कोशीका नवनियुक्त मुख्यमन्त्री थापाले भने सभामुखको हैसियतभन्दा पनि सांसदको हैसियतबाट समर्थन पाएको दाबी गरेका छन् । उनले ९३ जना प्रदेश सांसदमध्ये एक जना सभामुख गौतम पनि भएको बताउँदै भने, 'हामीले सभामुखको नाताले होइन, प्रदेशसभा सदस्यको नाताले समर्थन लिएका हौं ।'

कोशीको वर्तमान सत्ता गठबन्धनले सत्ता सहकार्य राप्रपासँग पनि गर्न चाहेको थियो । गठबन्धनको मुख्य दल कांग्रेस सभापति शेरबहादुर देउवाले राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनलाई फोन गर्दै सहयोग गर्न आग्रह नै गरेका थिए । तर, लिङ्देनले सहयोग गरेनन् । जसले गर्दा सरकार गठनका लागि सभामुख गौतमको साथ लिए ।

अर्थात् कोशीमा गठबन्धनको सत्ता बनाउन सभामुख प्रयोग भए । यसअघि सभामुखले समर्थन जनाएर नेपालमा कहिल्यै पनि सरकार गठन भएको थिएन ।

संवैधानिक कानुनका जानकारहरूका अनुसार नवनियुक्त मुख्यमन्त्री थापाले संविधानको धारा १६८ को उपधारा (४) अनुसार संसद्मा ३० दिनभित्र विश्वासको मत लिनुपर्ने हुन्छ । संसद्बाट विश्वासको मत पाए सरकार टिक्ने छ । होइन भने सरकार ढल्नेछ । त्यस्तो अवस्थामा उपधारा (३) अनुसार संसद्को सबैभन्दा ठूलो पार्टी एमाले संसदीय दलका नेता हिक्मतकुमार कार्की नै मुख्यमन्त्री बन्नेछन् । उनले पनि फेरि विश्वासको मत ३० दिनमा लिनुपर्नेछ ।

नलिएको अवस्थामा उपधारा ५ अनुसार बहुमत प्राप्त गर्न सक्ने आधारसहित प्रदेशसभा सदस्यले मुख्यमन्त्रीमा दाबी गर्न पाउने संवैधानिक प्रावधान छ ।

यदि, यो व्यवस्थाअनुसार दाबी पेस गर्ने प्रदेशसभा सदस्य मुख्यमन्त्री नियुक्त हुने र ३० दिनभित्रमा विश्वासको मत लिनैपर्छ । यसअनुसार पनि नियुक्त मुख्यमन्त्रीले विश्वासको मत लिन नसके उपधारा (७) अनुसार चुनावी सरकार गठन हुने छ । कोशीको राजनीतिक परिस्थिति यसतर्फ उन्मुख भएको अड्कल हुँदै आएको छ ।

## को हुन् मुख्यमन्त्री थापा ?

नेपाली कांग्रेस कोशी प्रदेश संसदीय दलका नेता उद्धव थापा मुख्यमन्त्रीमा नियुक्त भएका छन् । वि.सं. २०३२ ताका काठमाडौंको शंकरदेव क्याम्पसबाट नेपाल विद्यार्थी संघको एकाइ समितिमा रहेर राजनीतिक जीवन सुरु गरेका थापा नेपाली कांग्रेसको १४औं महाधिवेशनमा कोशी प्रदेशको सभापति पदमा निर्वाचित भए ।

वि.सं. २०३६ को जनमत संग्रहमा निरंकुश पञ्चायती व्यवस्थाविरुद्ध बहुदलीय व्यवस्था स्थापनाका लागि प्रचार अभियानमा सक्रिय थापा त्यसताका बिपी कोइरालाको सुरक्षा दस्तामासमेत रहेका थिए ।

अर्जुनधारा नगरपालिका-७ निवासी बुबा हेमबहादुर थापा र आमा डम्बरकुमारी थापाको एकलो छोराका रूपमा वि.सं. २०१४ मंसिर १५ गते जन्मिएका नवनियुक्त मुख्यमन्त्री थापाले २०४६ सालमा पञ्चायती व्यवस्थाविरुद्धको आन्दोलनमा सक्रिय भूमिका निर्वाह गरेका थिए ।

विद्यार्थी जीवनबाट पार्टीको संगठनतर्फ प्रवेश गर्ने क्रममा उनले नेपाली कांग्रेस अर्जुनधारा गाउँ विकास समितिको सचिव-सभापतिको एक-एक कार्यकाल जिम्मेवारी सम्हाले । त्यसपछि झापा निर्वाचन क्षेत्र नं २ को क्षेत्रीय सभापति, जिल्ला सचिव, जिल्ला उपसभापति र दुई कार्यकाल जिल्ला सभापतिको जिम्मेवारी सम्हालेका थापाले दुईपटक प्रतिनिधिसभा सदस्यको टिकट पाए । तर, हरेकपटक हारे ।

वि.सं. २०६१ माघ १९ मा तत्कालीन राजा ज्ञानेन्द्रले शाहले प्रत्यक्ष शासन लागू गरेपछि त्यसको विरुद्धमा भएको जनआन्दोलनमा सरिक हुँदा सेनाले उनलाई पक्राउ गरेर कठोर यातना दिएको थियो ।

संसदीय राजनीतिमा थापाको पहिलो अनुभव हो । समानुपातिक प्रणालीबाट संसद्मा आएका उनले पहिलो पटकमै मुख्यमन्त्री बन्ने सौभाग्य पाए ।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

असार २२ गते २०८०, शुक्रबार

| | |
|---|---|
| **मेष** | काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । |
| **वृष** | राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ । |
| **मिथुन** | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । |
| **कर्कट** | नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ |
| **सिंह** | अरुले आलोचना पनि गर्न सक्छन् । |
| **कन्या** | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |
| **तुला** | आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| **वृश्चिक** | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । |
| **धनु** | स्वास्थ्यमा गडबडी भई दैनिक कामकाजमा असर पर्नसक्छ |
| **मकर** | पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला । |
| **कुम्भ** | परोपकारमा रुचि बढ्नेछ । |
| **मीन** | कूटनीतिक नियोगको सहयोग मिल्ला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/ शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डाँछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असार २२ गते, २०८०, ७ जुलाई, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३१.०० | १३१.६० |
| युरो | १ को | १४३.५० | १४४.१६ |
| पाउन्ड स्टिर्लङ | १ को | १६६.२५ | १६७.०१ |
| स्विस फ्रैन्क | १ को | १४६.२१ | १४६.८८ |
| अस्ट्रेलियन डलर | १ को | ८६.९२ | ८७.३२ |
| क्यानाडियन डलर | १ को | ९९.०३ | ९९.४९ |
| सिंगापुर डलर | १ को | ९६.९१ | ९७.३६ |
| जापानी येन | १० को | ९.०९ | ९.१३ |
| चिनियाँ युआन | १ को | १८.०८ | १८.१७ |
| साउदी अरब रियाल | १ को | ३४.९३ | ३५.०९ |
| कतारी रियाल | १ को | ३५.९५ | ३६.१२ |
| थाई भाट | १ को | ३.६८ | ३.७० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.६६ | ३५.८३ |
| मलेसियन रिंगेट | १ को | २८.०४ | २८.१७ |
| दक्षिण कोरियन वन | १०० को | १०.०१ | १०.०५ |
| स्विडिस क्रोनर | १ को | १२.२० | १२.२५ |
| डेनिस क्रोनर | १ को | १९.२७ | १९.३६ |
| हङकङ डलर | १ को | १६.७२ | १६.८० |
| कुवेती दिनार | १ को | ४२६.३३ | ४२८.२८ |
| बहराइन दिनार | १ को | ३४७.४९ | ३४९.०८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# बालश्रम शोषणको अवस्थामा देखिएन सुधार



नेपाल बाल श्रम प्रतिवेदन सन् २०२१ अनुसार १० लाख ८० हजार बालबालिका श्रममा रहेका छन् । समग्र बालबालिकाको जनसंख्यामा बालश्रममा रहेका बालबालिकाको १६ प्रतिशत हुन आउँछ । त्यसमा पनि दुई लाख बालबालिकालाई अत्यन्त जोखिमपूर्ण श्रम शोषण भएको देखिन्छ ।

■ सुशील दर्नाल

**काठमाडौं–** ‘आउनोस् आउनोस्... कालीमाटी, त्रिपुरेश्वर रत्नपार्क...।’ कलंकीदेखि सोल्टीमोड, कालीमाटी, त्रिपुरेश्वर हुँदै रत्नपार्कका लागि छुटेको माइक्रो बसका सहचालक सुरज थामी चिच्याउँदै थिए । भर्खरै ११ वर्ष टेकेका उनी सिन्धुलीको घरबाट भागेर काठमाडौं आई माइक्रो बसमा सहचालक भएर काम गर्न थालेका हुन् ।

पढ्ने, लेख्ने र खेल्ने बेलामा गाडीमा सहचालक हुनुपर्ने मुख्य कारण उनको परिवार हो । सहचालक सुरजले सुनाए, ‘बाले म सानै हुँदा अर्को बिहे गरे र कान्छी आमालाई लिएर भारततिर जानुभयो, घरमा खानलाई पनि दुःख थियो, मेरो आमाले गर्न सक्ने केही पनि थिएन, पढ्न पनि नपाएपछि, अनि घरमा खानकै लागि दुःख भएपछि म घर छाडेर काठमाडौं आएर गाडी लाइनमा लागेको हो ।’ सुरजको महिनाको एक हजार रूपैयाँमात्रै तलब छ ।

काठमाडौं बालाजुस्थित एक होटलमा १२ वर्षीय राम्जी तामाङले विगत दुई वर्षदेखि भाडा माझ्ने काम गर्दै आएका छन् । उनलाई साहुले खान र बस्नका लागिमात्रै व्यवस्था गरेका छन् तर काम गरेबापत कति पनि पारिश्रमिक दिँदैनन् । सुरज र राम्जीको जस्तै लाखौं बालबालिका अहिले पनि यातायात, होटलमा, इँटाभट्टा वा घरायसी कामलगायत विभिन्न क्षेत्रमा लगाएर बालश्रमको शोषणको सिकार भइरहेका छन् । नेपालको कानुनी व्यवस्थाअनुसार १४ वर्षभन्दा कम उमेरका बालबालिकालाई रोजगारमा संलग्न गराउनु र १८ वर्षभन्दा कम उमेरका बालबालिकालाई जोखिमपूर्ण श्रम तथा व्यवसायमा संलग्न गराउनु बालश्रम हो ।

श्रममा संलग्न बालबालिकाको संख्या ११ लाख (बालबालिकाको संख्याको १५ प्रतिशत) रहेको छ जसमा जोखिमपूर्ण श्रममा संलग्न बालबालिकाको संख्या दुई लाख रहेको छ । अनौपचारिक श्रम क्षेत्र (कृषि, घरेलु, साना होटल, सार्वजनिक यातायात, निर्माण, माटो, बालुवा तथा गिट्टी खानीमा बालश्रम प्रभावित मुख्य श्रम क्षेत्रहरू हुन् । कर्णाली र सुदूरपश्चिम प्रदेशमा सबैभन्दा बढी बालश्रम भएको पाइन्छ । मधेस, कर्णाली र सुदूरपश्चिमबाट हरेक वर्ष हजारौं बालबालिका श्रमका लागि भारत जाने गरेका छन् ।

नेपालको संविधानको धारा, ५१ मा राज्यका नीतिअन्तर्गत झ (३) बालश्रमलगायत सबै श्रमका शोषण अन्त्यका प्रतिबद्धता गरेको छ । संवैधानिकरूपमा निषेधित र दण्डनीय (संविधानको धारा ३९), विशेष कानुन बालश्रम निषेध र नियमित गर्ने ऐन २०५६, सान्दर्भिक कानुनहरू अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५, बालबालिकासम्बन्धी ऐन, २०७५, देवानी अपराधसंहिता २०७४, श्रम ऐन २०७४, मानव ओसारपसार तथा बेचबिखन नियन्त्रण ऐन २०६४ बालश्रम शोषणसँग सम्बन्धित छन् । यी ऐन/कानुनको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका प्रवक्ता यमलाल भुसालले पूर्णरूपमा बालश्रम अन्त्यका लागि भएका, ऐन/कानुन, संविधान, नियमावलीलगायत नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयनसँगै सबै मिलेर सचेतना अभियान नै सञ्चालन गर्नुपर्ने धारणा राखे । कानुनविपरीत, जबरजस्ती, इच्छाविपरीत कुनै पनि बालबालिकालाई रोजगारीमा लगाउनु वा आयआर्जन गर्ने काममा संलग्न गराउनु बालश्रम हो ।

बालअधिकारको क्षेत्रमा कार्यरत संस्था आसमान नेपाल नामक संस्थाले सुदूरपश्चिम, गण्डकी, बागमती र मधेस प्रदेशमा श्रमिक बालबालिकाको क्षेत्रमा कार्य गर्ने संस्थाको कर्मचारीलाई बाल सहभागिता र बालमैत्री परामर्शसम्बन्धी क्षमता विकास तालिम कार्यक्रम सञ्चालन गर्दै आएको छ । कमजोर आर्थिक अवस्था, आमाबुबा इँटा उद्योगमा काम गर्न बसाइँ सर्ने हुँदासँगै आउने गरेको, अभिभावकविहीन/संरक्षकको अभाव, आमाबुबाले वास्ता नगर्नु आदि कारण बालबालिकाले श्रम गर्नुपर्ने बाध्यता रहेको पाइन्छ ।

साथीको लहलहैमा लागेर, बालश्रमिकको समस्यालाई सरकारले प्राथमिकतामा राखी आवश्यक कार्य कार्यान्वयन नगर्नु, पारिवारिक कलह, जन्मदर्ता र नागरिकता नभएको र समावेशी तथा गुणस्तरीय शिक्षामा सबै बालबालिकाको पहुँच नहुँदा पनि कतिपय बालबालिका बालश्रममा लाग्न बाध्य भएका छन् । मनोरञ्जन क्षेत्रमा काम गर्ने श्रमिक बालबालिकाले समयमा खानाको व्यवस्था नहुने, धेरै कम तलब, समयमा तलब नदिने, मालिकले रातिमा सवारीसाधनको व्यवस्था नगर्ने, ग्राहकबाट पैसा नपाउने, यौन शोषणको सिकार हुने, मादकपदार्थ सेवन गरेका ग्राहकले दुर्व्यवहार गर्दा पनि सहनुपर्ने समस्या भोग्दै आएका छन् ।

त्यसैगरी इँटाभट्टा, उद्योग कलकारखाना, घरेलु कामदार, यातायात क्षेत्रलगायत विभिन्न क्षेत्रमा काम गर्ने श्रमिक बालबालिकाले मालिकले नराम्रा गालीगलौज गर्दा सहनुपर्ने, विद्यालय जानबाट वञ्चित, शरीरमा घाउ चोट लाग्ने, बिहानै उठ्नुपर्ने, आराम नपुग्ने, राति ढिलासम्म काम गर्नुपर्ने, अत्यधिक धुवाँधुलोमा काम गर्नुपर्ने, गह्रुँगो सामग्री उचाल्न, बोक्न पर्नेलगायत समस्या भोग्दै आएका छन् । आसमान नेपालका सल्लाहकार गुरु सुवेदीले बालश्रम अन्त्यका लागि स्थानीय, प्रदेश र संघीय गरी तीनै तहका सरकारसँग कानुन भए पनि त्यसको प्रभावकारी कार्यान्वयनमा उदासीनता देखिएको टिप्पणी गरे । बालश्रम अन्त्यका लागि स्थानीय तहबाटै सचेतना जनाउनुपर्ने उनको भनाइ छ ।

शारीरिक, मानसिक, स्वास्थ्य, अभिभावकविहीन, पारिवारिक मायाबाट वञ्चित, कुलतको सिकार, नागरिकता पाउने योग्य उमेरका श्रमिक बालबालिका नागरिकताविहीन र सरकारका विभिन्न कार्यक्रममा श्रमिक बालबालिकालाई सहभागिता नगराउनेलगायतका समस्या भोग्दै आएका छन् । अन्य साथीसंगी विद्यालय गएको देख्दा र आफू जान नपाउँदा, खाना समयमा खान नपाउँदा, राति अबेरसम्म सुत्न नपाउँदा, बिरामी भएको समयमा औषधि उपचार गर्न नसक्दा र घरको आर्थिक अवस्थालाई सम्झँदा, श्रमिक बालबालिकालाई नराम्रो अनुभूति हुने गर्छ ।

आसमान नेपालले पछिल्लो समयमा गरेको एक अध्ययनअनुसार प्रायः सबै श्रमिक बालबालिकाले आफ्नो परिवारको आयआर्जनमा सहयोग गर्न र रोजगारीको अवसर प्रदान गर्न सरोकारवालासँग अनुरोध गरेको पाइएको छ । अध्ययनअनुसार श्रमिक बालबालिकाले आफ्नो शिक्षा/पढाइको निरन्तरता राख्न चाहेको र उक्त कार्यका लागि स्थानीय सरकार र अन्य संघसंस्थाले छात्रवृत्ति तथा शैक्षिक सामग्री सहयोगको अपेक्षा राखेका थिए । राष्ट्रिय बालअधिकार परिषद्का उपाध्यक्ष बमबहादुर बानियाँले परिषद् आफूले बालश्रमका बारेमा अनुगमन गर्ने र परिषद्सम्म आएका मुद्दालाई समाधान गरी बालश्रम अन्त्यका लागि विभिन्न प्रयास गरिरहेको जानकारी दिए । परिषद्का अनुसार पाँच वर्षअघि बालश्रममा लाग्ने बालबालिको संस्था १६ लाख थियो भने अहिले घटेर ११ लाखमात्रै भएको तथ्य छ ।

नेपाल बाल श्रम प्रतिवेदन सन् २०२१ अनुसार १० लाख ८० हजार बालबालिका श्रममा रहेका छन् । समग्र बालबालिकाको जनसंख्यामा बालश्रममा रहेका बालबालिकाको १६ प्रतिशत हुन आउँछ । त्यसमा पनि दुई लाख बालबालिकालाई अत्यन्त जोखिमपूर्ण श्रम शोषण भएको देखिन्छ । कर्णाली प्रदेशमा २५ प्रतिशत, सुदूरपश्चिममा लगभग २१ प्रतिशत र कोशी प्रदेशमा पुगनपुग १८ प्रतिशत बालबालिका श्रम शोषणमा रहेका छन् । समग्रमा दलित समुदायको बालबालिका २० प्रतिशत श्रम शोषणमा परेका छन् । राष्ट्रिय श्रमशक्ति सर्वेक्षण प्रतिवेदनअनुसार करिब २१ लाख ४० हजार बालबालिका आर्थिकरूपमा सक्रिय रहेका छन् । प्रतिवेदनअनुसार १६ लाख बालबालिका श्रमिककै रूपमा कार्यरत थिए भने तीमध्ये छ लाख २० हजार बालबालिका निकृष्ट प्रकारको श्रममा संलग्न रहेका थिए ।

बालबालिकाको वृद्धि र विकासमा नकारात्मक असर पार्ने काम गराउनु नै बालश्रम हो । बालबालिकालाई शिक्षा, खेलकुद, मनोरञ्जनका सट्टामा उनीहरूको शारीरिक, मानसिक, सामाजिक तथा नैतिक विकासको गतिविधिमा बाधा वा अवरोध हुने गरी काममा लगाउनु बालश्रम हो । हालसम्म बालसहभागिताको बालक्लब र यसमा आबद्ध बालबालिकाका बारेमा छलफल र विचारविमर्श हुने गरेका छन् तर श्रमिक बालबालिकाको सहभागिताको विषय हालसम्म छलफल र विमर्शमा आउन सकेको छैन । विशेषगरी बालश्रम न्यूनीकरण या निर्मूलनका लागि तीनै तहका सरकार तथा सबै क्षेत्रमा अवधारणागत समान बुझाइ र निरन्तर सहकार्य गर्न आवश्यक छ ।

बालश्रम मानव विकासका लागि एक प्रमुख अवरोध हो भने नेपालको निम्ति समृद्धिका लागि प्रमुख चुनौती हो भन्ने बुझ्दाबुझ्दै पनि अहिले हरेक क्षेत्रमा अत्यधिक बालश्रम शोषण भइरहेको छ । सरकारले अनुगमन गरेर दोषीमाथि कारबाही गर्नुपर्ने र बालश्रममा लाग्ने बालबालिकाको व्यवस्थापन गर्नुपर्ने माग उठ्दै आएको छ । बालश्रम निर्मूलनका लागि मुलुकले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा व्यक्त गरेको प्रतिबद्धता, तर्जुमा भएका कानुन, नीति, योजना तथा कार्यक्रमहरू तदनुरूप प्रभावकारी कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिन्छ । *रासस*


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : YK GLOBAL SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०१/०७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/२१ | LT. No. 285104 | चलानी नं. ६०२००४८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 40 | 10 | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २९ गते (14th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११९७/०७३/०७४

SWIFT H.R. SOLUTION PVT. LTD.

Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820

Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MASHREQEEN CORPORATION SERVICES FOR GENERAL CONTRACTING EST.

पूर्व स्वीकृति मिति: २०७९/१२/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२१ | LT. No.283401 | चलानी नं. ६०१९८८५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Driver | 2 | 0 | 1800 | ६३,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २९ गते (14th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TARGET

श्रम ईजाजत नं.८३३/०६६/०६७

Target Consultant Human Resources Pvt. Ltd.

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251

FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## फ्रि भिसा, फ्रि टिकट मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PELABUHAN TANJUNG PELEPAS SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०६/२० | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/२१ | LT. No. 272627 | चलानी नं. ६०१८८६६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cargo Worker Driver | 250 | 0 | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८० असार २९ गते (14th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

trust INTL OVERSEAS

TRUST INTERNATIONAL OVERSEAS PVT. LTD. Govt. License 1521/074/075

Sanepa-2, Lalitpur, Nepal. Tel :+977-1-5915798, 5915799

E-mail : trustinternational4415@gmail.com, website:www.trustintloverseas.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : AKAR SECURITY SERVICES (M) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१०/०३ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२१ | LT. No. 279610 | चलानी नं. ६०१९५१७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 2 | 0 | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २९ गते (14th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

VARSHA MANPOWER PVT. LTD.

(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)

श्रम ईजाजत नं. ९५४/०६७/६८

Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP*) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

तपसिल

| सि नं. | माल वस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पत्तिको मुलुक/राष्ट्र | इकाई | प्रति इकाई मूल्य | अधिकतम खुद्रा इकाई मूल्य(MRP*) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Video Camera | (5.1 x 7.1 x 11.3)" | SONY | PXW-Z90T | 1"-Type CMOS | China | Pcs. | NPR | 4,25,000 | |
| 2 | Video Camera | (6.7 x 7.4 x 14.6)" | SONY | PXW-Z150 | 1"-Type CMOS | China | Pcs. | NPR | 4,75,000 | |
| 3 | Video Camera | (7.2 x 4.3 x 3.3)" | Panasonic | AG-CX10EN | 1/2.3" CMOS | Malaysia | Pcs. | NPR | 3,50,000 | |
| 4 | Camera | (5 x 3.8 x 2.9)" | SONY | A7iii Camera | (35.6 x 23.8) mm | Japan | Pcs. | NPR | 2,52,000 | |
| 5 | Video Camera | (6.8 x 7.7 x 13.6)" | Panasonic | AG-UX180 | 1.0"-type MOS | Malaysia | Pcs. | NPR | 4,40,000 | |

विक्रेता/फर्मको नामः Soheto Nepal Pvt. Ltd. भ्याट नं. : 302322990 *भ्याट (VAT) सहित

ठेगानाः टेकू, फोन नं.: 5354488 एक्जिम कोडः 3023229900116NP *Price may subject to change without prior notice.

## मोटरसाइकल हराएको सूचना

मिति २०८०/०३/११ गते ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा नं.१३ कुसुन्ती यातायात अगाडीको खुल्ला स्थानबाट २२० F पल्सर कालो/रातो रंगको मोटरसाइकल बिहानको करिब ७:०० बजेको समयमा हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

कम्पनीको नाः हुलास अटो
धनीको नाम : बुद्धि बहादुर थिङ
बाइक नं.: बा प्र. ०२-४१ प ६०७५
च्यासिस नं.: MD2A13EX7MCJ98616
इन्जिन नं. : DKXCMJ33038
मो.नं.: ९८५११६८३६४

## मिनी पोर्टेवल वासिङ मेसिन (Mini Portable Washing Machine) को अधिकतम बिक्री मूल्य MRP सम्बन्धी सूचना

यस इन्टरप्राइजेजले **Gentleman Trade limited** बाट पैठारी गरेको मिनी पोर्टेवल वासिङ मेसिन अधिकतम खुद्रा बिक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

| सि. नं. | मालवस्तुको विवरण | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक | परिमाण | इकाई | बिक्री मूल्य अधिकतम खुद्रा MRP |
|---|---|---|---|---|---|---|---|---|
| १. | Mini Portable Washing Machine | Diving Duck | GB17625 | 5Kg | China | 75 | Pcs | 5,500.00 |

बिक्रेताको फर्मको नाम : मितेरी इन्टरप्राइजेज | प्यान नम्बर : ५००१२८४३९

ठेगाना : नार्गजुन-०२, काठमाडौं नेपाल | फोन नं. +९७७-९८४१७६४२०७

## धितोमा रहेको सम्पत्ती लिलाम बिक्री गर्ने बारे ७ दिने अत्यन्त जरुरी सूचना

(अन्तिम पटक प्रकाशित मिति २०८०/०३/२२ गते शुक्रवार)

तपशिलमा उल्लेखित ऋणी संस्थाले यस बैंकको सिन्धुली शाखाबाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नबुझाई कर्जा सम्बन्धीशर्त तथाबन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित पत्रद्धारा ताकेता गर्दा तथा मिति २०७९/०४/०३ गते अन्नपुर्ण पोष्ट दैनिकमा कर्जा चुक्ता गर्नको लागि ३५ (पैतिस) दिने सार्वजनिक सूचना, मिति २०७९/०८/०९ गते धितो लिलाम बिक्री सम्बन्धि ३५ दिने सूचना राजधानी दैनिक पत्रिकामा र मिति २०७९/०२/२५ गते धितो लिलाम बिक्री सम्वन्धि १५ दिने सूचना नेपाल समाचरपत्रमा प्रकाशित गर्दा समेत संस्थाले कर्जा चुक्ता नगरेको कारण तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ति लिलाम बिक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनको लागि ऋणको सुरक्षण वापत लेखाई दिएको धितो लिलाम बिक्रि गर्न अन्तिम पटक ७ (सात) दिने धितो लिलाम सम्वन्धि सूचना प्रकाशित गरिएको छ । अत उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित लिलाम बिक्री हुने धितो सुरक्षण सम्पति गोप्य शिलवन्दी वोल पत्रद्धारा खरिद गरी लिन इच्छुक संघ, संस्था, फर्म, कम्पनी तथा सर्व साधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आफुले कवोल गरेको रकम सहितको गोप्य शिलवन्दी बोलपत्र पेश गर्नहुन आव्हान गरिन्छ । लिलाम बिक्री गर्दा उल्लेखित धितो सुरक्षण सम्पति कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन, सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति बैंक आफैले सकार गरी लिने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाइने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणी संस्थाको संचालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरी लिने र ऋणी, संस्थाका संचालक तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराईन्छ ।

तपशिल

**ऋणी संस्थाको नाम : श्री चन्द्रोदय बचत तथा ऋण सहकारी संस्था लिमिटेड । रजिष्टर्ड ठेगाना : कमलामाई-०४, सिन्धुली ।**

**धितो राखिएको सम्पति र सुरक्षणधनीको विवरण:**

१. श्री हर्क बहादुर रायमाझीको नाति श्री जय बहादुर रायमाझीको छोरा सिन्धुली जिल्ला कमलामाई नगरपालिका वडा नं. ४ बस्ने श्री दिनेश कुमार रायमाझीको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेस्ता कायम रहेको सिन्धुली जिल्ला सिद्धेश्वर वडा नं. ४छ को कित्ता नं.४६ को क्षेत्रफल ०-१४-६ ० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**लिलाम बिक्रिको शर्त तथा बन्देजहरु:**

१. बोलपत्र फारम रु ५००/- (पाँच सय) शुल्क बुझाई बैकंको शाखा कार्यालय सिन्धुली र केन्द्रिय कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
२. प्राप्त बोलपत्रहरु सुचना प्रकाशित भएको मितिले ८ औं दिन दिउँसो ३:०० बजे खोलिने छ । सो दिन सार्वजनिक विदा परेमा सोको भोलि पल्ट उल्लेखित समयमा खोलिने छ ।
३. धितो लिलाम सम्बन्धि शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ । साथै फारममा उल्लेख भएका बोलपत्र सम्बन्धि शर्तहरु यसै सूचनाका अभिन्न अंग हुनेछन् ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड Co-operative Bank Limited (NCBL)

केन्द्रीय कार्यालय: पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८२, Web: www.ncbl.coop

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# एसइईमा सुधार कि ढाकछोप ?

माध्यमिक शिक्षा परीक्षा (एसइई) को नतिजा हेर्ने हो भने यसपटक मथिल्लो कक्षा उक्लन ५४ हजार ९६२ जनाले अझै मौका परीक्षा दिनुपर्ने देखिन्छ । 'ए प्लस' र 'ए ग्रेड' ल्याउने विद्यार्थीको संख्या हेर्दा नतिजा सुध्रँदो मान्न सकिएला तर मध्यमस्तरको विद्यार्थीलाई उत्कृष्टमा उकास्न भने अझै मुश्किल देखिन्छ । राष्ट्रिय परीक्षा बोर्डले यस वर्ष २०७२ सालको पद्धतिअनुसार नै सैद्धान्तिक र प्रयोगात्मकको अंक जोडेर परीक्षाफल प्रकाशित गरेको हो । झण्झटिलो र बुझ्नै मुश्किल यो पद्धतिलाई अब अर्को वर्षबाट प्रयोग नगर्ने बोर्डको भनाइ छ ।

यसपटकको नतिजालाई लिएर बोर्डले विद्यार्थीको क्षमता सुध्रिएको दाबी गरेको छ । शिक्षाविद्‌हरूले यसलाई शिक्षक–विद्यार्थीको मिहेनत र अभिभावकको जागरुकता मुख्य कारण भएको तर्क गरेका छन् । अझ बोर्डले त सामुदायिक र संस्थागत विद्यालयका आधारमा नतिजालाई तुलना गरेर विद्यार्थीबीच विभेद सिर्जना नगर्ने भन्दै यसको तथ्यांक नै सार्वजनिक गरेन । बोर्ड र विज्ञको भनाइ दाँज्ने हो भने नतिजा सन्दर्भमा दुवैको मिलेमतो देखिन्छ । किनभने, सामुदायिक विद्यालयको तथ्यांकक लुकाएर यसपटक बोर्डले चलाखी गरेको छ ।

सामुदायिक विद्यालयको स्तर खस्केका कारण विद्यार्थीको संख्या घटेर कतिपय त मर्जमै जानुपर्ने अवस्था सिर्जना भएको विषय ताजै छन् । अर्को विषय पछिल्लोपटक पढाइको नतिजामा अभिभावकहरू उदार हुने क्रम जारी छ । राम्रो अंक ल्याउनैपर्छ भन्ने दबाब अभिाभावकको हुँदैन । तर, बोर्डले अभिभावकको तारिफ गर्दै परिणाम सुधार गरेको छ । जिपिए, ग्रेडजस्ता अभिभावकले बुझ्नै नसक्ने गरी बोर्डले बनाएको पद्धतिको गोलमालमा नतिजा आउनु आफैंमा आश्चर्यजनक विषय हो । यो पद्धति यदि सुहाउँदो थियो भने आलोचना हुँदैन थियो ।

गल्तीहरूलाई ढाकछोप गरेर नतिजा सुधारेर ल्याउनुमा बोर्डका नियतमाथि खोट पक्कै देखिन्छ । यसको एउटै कारण हो एसइई नै खारेज हुनुपर्छ भन्ने मागलाई सामसुम पार्न । पछिल्लोपटक कक्षा १२ लाई विद्यालयस्तरको अन्तिम तह मानिसकिएको अवस्थामा एसइई खारेज गर्न संसद्‌को शिक्षा तथा स्वास्थ्य समितिले पटक–पटक निर्देशन दिइसकेको छ । तर, बोर्डले सरकारलाई थम्थमाउँदै आएको छ सरकारलाई खारेज नगर्नु भनेर । खाइपाइ आएको सुविधा कटौती गर्न बोर्ड इच्छुक देखिँदैन । किनभने, प्रश्नपत्र निर्माण, कापी खरिददेखि, उत्तरपुस्तिका जाँच र निरीक्षक नियुक्ति गर्दा ठूलै आर्थिक चलखेल हुने गर्छ । यस्तो कमाउधन्दा गर्न पाइने परीक्षा प्रणाली रद्द गर्नु बोर्डलाई मात्र हैन सत्तामा पुग्नेहरूको लागिसमेत घाटाको निर्णय हो । त्यसैले अभिभावक र शिक्षाविद्‌हरू नतिजामा मक्ख पर्ने हैन, नतिजा कसरी र किन निकालिएको हो भन्नेतर्फ घोत्लने कि !

## मनन्योग्य

### चाणक्य नीति

त्यहाँ सेल्युकसँग अर्थपूर्ण मुद्रामा भन्न लागे-'पर्याप्त विचार-विमर्शपछि यो प्रस्ताव तपाईसमक्ष राख्दैछु सम्राट, चन्द्रगुप्त र तपाईकी छोरी हेलनमा वैवाहिक बन्धनको टुसा पलाइसकेको छ । दुवै एकअर्कामा आकर्षित हुन्छ, तर दुवैले आफ्ना मर्यादाको बन्धनमा बाँधिएका कारण आफ्नो प्रेमको कुरा भन्न सकेका छैनन् । ही यो प्रेमलाई परिणय (अर्थात् विवाहमा) परिणत गरौं ।

तब युनान र भारतको यस्तो भावना र सम्बन्ध बाँधिन्छ जुन तोड्न कसैबाट सम्भव हुँदैन र इतिहासमा यो सधैं यादगार ...भइरहन्छ....मैले आफ्नो कुरा तपाईलाई भने अब निर्णय तपाईको । तपाई आफ्नी छोरीसँग पनि राम्रोसँग सलह गर्नुहोस्, त्यसपछि तपाईको स्वागत छ ।

.....यसरी सेल्युकस यी महापुरुषको यस्तो दूरदर्शी प्रस्तावको रहस्यमा डुब्दै अतिगृहतर्फ लागे जहाँ राजकीय सम्मानसहित उनलाई र उनकी छोरीलाई राखिएको थियो ।

सेल्युकसमा अतिथिगृहमा पस्नासाथ देखे-छोरी रोइरहेकी छन् । उनलाई सान्त्वना दिन उनको शिरको चुम्बन सारा गर्दै भने- 'यत्रो रक्तपात भयो । हामीले के पायौं, आज म बन्दी छु । त्यो त धन्य छ यो देश, जो ुश्मनका साथ अतिथिजस्तो व्यवहार गरिरहेको छ ।

छोरी ! म तिमीसँग एक कुरा सोध्छु, सङ्कोच नगरी उत्तर देऊ । म आफैं निर्णय गर्ने स्थितिमा छैन । म चाहान्छु जो उत्तर दिन्छौ सोचेर देऊ ।

मलाई राजसभामा आचार्य चाणक्यसँग कुरा गर्ने अलग अवसर मिल्यो । उनले मलाई भने चन्द्रगुप्तसँग तिमी तिम्ो सम्बनध छ, मसँग तिम्रो र चन्द्रगुप्तको विवाह-प्रस्ताव राखे । के मित्रताको रूपमा यो सम्बन्ध स्वीकार गरौं ?

तपाईको कुरा सत्य हो, चन्द्रगुप्तप्रति मेरो अनुराग उहाँ पनि मलाई प्यार गर्नुहुन्छ तर म पनि चाणक्यसँग डर मान्छु चाणक्य युगका चतुर कूटनीतिकै भाग नहोस् ?

हुन सक्छ, तर उनका चेहरा कुराका इसले यस्तो प्रतीत भएको देखिएन ।

हेलनले भनिन्- 'के धर्म यो सम्बन्धमा बाधक त बन्दैन ? त म सम्झन्छु चाणक्यसँग बहस गर्न कोही पनि अगाडि पर्दैन, उनको आँखा र वाणीमा यस्तो तेज छ कि विपक्षी टिक्नै सक्तैन', सत्यकसले भने । क्रमशः

# उद्यमशील देविका



▶▶ पदम श्रेष्ठ

झोला उत्पादन गर्न थालेको तीन वर्षमै चीन र अस्ट्रेलियालगायतका देशबाट ठूलो परिमाणमा माग ल्याउन सफल भएकी छन् । तर माग पूरा गर्न नसकेको देविका बताउँछिन् । त्यस्तो झोलाको माग पूरा गर्न नसक्नुको प्रमुख कारण भने झोला बनाउने जनशक्ति अभाव, हातैले बनाउनुपर्ने भएकोले उत्पादनका लागि समय लाग्नु र सामानको गुणस्तर कायम गर्नुपर्दा पनि भएको उनको भनाइ छ ।

'हुने बिरुवाको चिल्लो पात' भन्ने उखान त्यसै बनेको होइन । यो मान्छे भविष्यमा केही न केही बन्छ भन्ने कुराको संकेत अपवादबाहेक बालककालमा नै देखिसकेको हुन्छ प्रायः । यस्तै उदाहरणीय व्यक्तिमध्येमा पर्छिन्- देविका बुढाथोकी ।

सिर्जनशील क्षमता नै सफलताको कडी हो भन्ने आदर्शलाई आत्मसात् गरेको 'नेपाली माटो' नामक हस्तकलासम्बन्धी संस्थाकी संस्थापक तथा महिला उद्यमी महासंघकी अध्यक्ष देविकाले उक्त कुरा सावित गरेकी छन् ।

उनी सानैदेखि गाउँघर वरिपरि खेर गइरहेका घाँस, पराल, कुरो वा कुनै पनि सामग्रीलाई रचनात्मक ढंगले उपहारका सामग्री बनाएर आयस्रोतको माध्यम बनाइराख्ने स्वभावकी थिइन् । पाँच वर्षअघि थाकलको घाँसले बुनेको ब्याग (झोला) बोकेर चीन जाँदा त्यो ब्यागको चीनमा ठूलो परिमाणमा अर्डर पाइन् । त्यहाँबाट अर्डर लिएर फर्कन सफल त भइन् तर एक्लैले त्यो मागअनुसार उत्पादन गर्नसक्ने अवस्था भएन । मुलुकमा केही न केही काम गरी आयआर्जनमार्फत आत्मनिर्भर हुन चाहने महिलाहरूको संख्या ठूलो छ, जुन कुरामा देविका जानकार नहुने कुरै भएन ।

सानैदेखि सीपका काम गर्न रुचाउने महिला उद्यमी देविकाले मकैको खोस्टा, परालबाट बन्ने जुत्ताको उपयोग गरी हातैले कलात्मक ढंगमा बुनेका नौलो सामग्रीबाट विदेशीसमेत आकर्षित हुने गरेको पाइन् । उनले थाहा पाइन् कि उत्पादन र बजारलाई समन्वयमात्र गर्न सकिएमा थुप्रै बेरोजगार महिलालाई आफ्नै हातको सीपबाट आम्दानी दिलाउन सकिन्छ । यही सोचलाई अगाडि बढाउने उद्देश्यका साथ देविकाले 'नेपाली माटो' नामको संस्था खोलिन् ।



त्यही संस्थामार्फत इच्छुक महिलाहरूलाई तालिम र उत्पादित हस्तकला तथा कृषि सामग्रीको विदेशमा बजारीकरण गर्न थालिन् ।

उनले औपचारिक शिक्षा धेरै लिएकी छैनन् तर उनीभित्रको केही गर्ने रचनात्मक चाहनाबाट एक हजार जनाभन्दा बढी उद्यमी महिलाको नेतृत्व गर्न सक्षम भएकी छन् । हाल स्थानीय कच्चा पदार्थबाट बनेका झोलाको वार्षिक १० लाख वटाको माग भए पनि करिब एक लाखवटा मात्र निर्यात गर्न सकेको उनले बताइन् ।

झोला उत्पादन गर्न थालेको तीन वर्षमै चीन र अस्ट्रेलियालगायतका देशबाट ठूलो परिमाणमा माग ल्याउन सफल भएकी छन् । तर माग पूरा गर्न नसकेको देविका बताउँछिन् । त्यस्तो झोलाको माग पूरा गर्न नसक्नुको प्रमुख कारण भने झोला बनाउने जनशक्ति अभाव, हातैले बनाउनुपर्ने भएकोले उत्पादनका लागि समय लाग्नु र सामानको गुणस्तर कायम गर्नुपर्दा पनि भएको उनको भनाइ छ ।

'रोजगारीका लागि नेपाली महिलाहरू विश्वका थुप्रै देशमा पुगेर संघर्ष गरिरहेका छन् । तर, घरमै बसेर दैनिक १८ सय रूपैयाँसम्म कमाउन सकिने सीपको काममा ध्यान पुगेको छैन,' उनी भन्छिन् । प्रतिब्याग ६०० रूपैयाँ ब्याग बनाउनेले पाउँछन् । दक्ष र लगनशील महिलाले प्रतिदिन तीन वटा बनाउन सक्छन् । तर, मसिनोगरी मिहेनत गर्नुपर्ने भएकोले सीपको काममाभन्दा ज्यालादारी वा जागिरमै रमाउने प्रवृत्ति नेपाली महिलामा बढी पाइएको उनको अनुभव छ । उनले नेपाली माटो संस्थाको केन्द्र ग्वार्कोमा इच्छुक महिलाहरूलाई १५ दिने निःशुल्क थाकलको ब्याग बनाउने तालिम दिँदै आइरहेकी छन् । उनले तराई क्षेत्रमा थारु समुदायले बुन्ने गरेको ढकी, डालोको बनावटमा नयाँ डिजाइन भर्दै झोलामा परिणत गरेको प्रयास सफल भएको बताइन् ।

**कच्चा पदार्थ**

नेपालका पहाडी तथा तराई क्षेत्रमा खेर गइरहेका गाईभैंसीलाई खुवाउने मकैको खोस्टा, पराल, सिक्की, थाकल, पटेर र काँसलाई सुकाएर तातो पानीमा डबाएपछि झोलालगायतका रिजनल हयाण्डिक्राप्टले निर्माण गर्ने कच्चा पदार्थ तयार हुन्छ, जुन खोला किनार, वनजंगल, खेतबारीमै पाइन्छ ।

उनले गाउँघर जंगलमा त्यसै खेर गइरहेको थाकल काटेरमात्र दिए पनि प्रतिकिलोग्राममा किनेर हस्तकलाको उत्पादनमा सहभागिता बढाउँदै आइरहेकी छन् । गाउँमा खेर गइरहेको थाकललाई संकलन र प्रवर्द्धनमात्र गरिदिने हो भने पनि घरायसी महिलालाई दुई-चार रूपैयाँको कहिल्यै खाँचो नहुने भएकोले यस्तो अभियान थालिएको उनी बताउँछिन् । महिलाका लागिमात्र अभियान चलाउनुको कारणबारे देविका भन्छिन्, 'पुरुष त प्रायः घर व्यवहारका लागि बाहिरबाहिरै पुग्नुपर्ने तर घरको सुकेधन्दादेखि बालबच्चा घर परिवारसम्म हेरचाह महिलाको थाप्लोमा पर्ने भएको हुँदा फूर्सदमा काम गर्न सक्नेगरी महिलालाई प्राथमिकता दिइएका हौं तर केही गरी थाकलको ब्याग बनाउने इच्छा भए त्यसमा खासै छेकबार नभएको बताउँछिन् ।


**महिलालाई घरमै रोजगारी**

बुढाथोकीले पाँचजना महिलाबाट सुरु गरेको त्यस्तो झोला बनाउने पेसामा ३५ जिल्लाका १४ सय जना सहभागी छन् । यस्तै रिजनल हयाण्डिक्राप्टले सीप विकास प्रतिष्ठान, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रलगायतको सहयोगमा तालिम सञ्चालन गरी झोलालगायत अन्य हयाण्डिक्राप्टका सामग्री बनाउने जनशक्ति तयार गरिरहेको छ । पन्ध्र दिनदेखि एक महिनासम्मको तालिमपछि उक्त सामग्री बनाएर स्वरोजगार हुन सकिन्छ । साथै, २५ जनाको समूह तयार पारी त्यस्तो सीप सिकाउन माग भए सो संस्थाले प्रशिक्षकहरू उपलब्ध गराउँदै आएको छ ।

रिजनल हयाण्डिक्राप्टले स्थानीय कच्चा पदार्थको प्रयोग गरी झोला, चकटी, पिरा, ब्याग, पर्स, गलैंचा, हयाट, पेन होल्डर, खुत्रुकेलगायतका सामग्री बनाउन तालिम दिनुका साथै बनेका सामग्रीको बजारीकरणमा सहयोग गर्दै आएको छ । त्यस्ता सामग्री निर्माणका लागि तालिम दिनसक्ने ३५ जना दक्ष प्रशिक्षक तयार भइसकेको देविकाले बताइन् ।

नेपाली हयाण्डिक्राप्टका सामग्रीको अन्तर ाष्ट्रियबजारमा ठूलो माग रहेका कारण सरकारले शिक्षालाई सीपसँग जोड्दै उद्यमी बन्न प्रेरित गर्ने नीति लिने हो भने स्वदेशमै प्रशस्त रोजगारी सिर्जना हुने उनको भनाइ छ । गत वर्ष रिजनल हयाण्डिक्राप्टले एक करोड ४६ लाख रूपैयाँको हस्तकला सामग्री निर्यात गरेको थियो ।

# चितवनको राजनीतिक इतिहास बुझ्न उपयोगी कृति



▶▶ श्याम रिमाल

जीवनी लेख्नु, त्यसमाथि दिवंगतको इतिहास खोतल्नु कठिन काम हो । लेखक अधिकारीका अनुसार जीवनीमा समेटिएका व्यक्तित्वका समकालीन र नजिकका मित्र, दीक्षित वा शिष्य, परिवारका सदस्यका स्मरण र अनुभूतिका आधारमा कृति तयार गरिएको हो । यस्ता काम व्यक्ति जीवितै छँदा लेख्न सुरू गर्न सकेको भए अझ थप सूचनाहरु आउन सक्थे ।

नेपालको संविधान लागू हुनुपूर्व ७६औं जिल्ला भनेर परिचित चितवनको आफ्नै परिचय छ । मुलुकको अर्थतन्त्रमा यसले धान, तेल आदि उत्पादन गरेर योगदान दिएको छ । पछिल्लो समय स्वास्थ्यका क्षेत्रमा पनि यसले नाम कमाएको छ । त्यसभन्दा बढी यसले राजनीतिक आन्दोलनमा दिएको योगदान स्मरणयोग्य छ ।

पुराना राजनीतिकर्मीमा मैयाँदेवी श्रेष्ठ, विश्वबन्धु थापा, भीमबहादुर श्रेष्ठ, नरबहादुर खाँड, अमिक शेरचन, डिके शाही, सूर्यभक्त अधिकारी, जागृतप्रसाद भेटवाल, गुणराज पाठक आदिको नाम अग्रणि स्थानमा आउँछ । पछिल्लो समय नेपाली कांग्रेसका तत्कालीन सभापति सुशील कोइराला, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, रामबहादुर थापा, रवि लामिछाने आदिले पनि यसैलाई संसदीय निर्वाचन क्षेत्र रोजे ।

भौगोलिकरूपमा पूर्वी र पश्चिमी चितवनमा बाँडिएको यस जिल्लामा दुवै क्षेत्रका राजनीतिकर्मी चिरपरिचित छन् । वाल्मीकि साहित्य सदन रत्ननगर, चितवनले 'पूर्वी चितवनको राजनीति र विकासका अग्रणिहरू' शीर्षक अनुसन्धानमूलक कृति प्रकाशन गरेर त्यस क्षेत्रका राजनीतिक-सामाजिक व्यक्तित्वलाई उजिल्याउने काम गरेको छ । राष्ट्रिय समाचार समितिका आलेख समाचार सेवा प्रमुख कृष्ण अधिकारीको लेखन र रामबाबु घिमिरेको सम्पादनमा प्रकाशित कृतिमा पूर्वी चितवनका 'राजनीतिक परिवर्तन र विकासका सारथि' १७ जना तथा विशेष प्रस्तुतिका साथ मैयाँदेवीका जीवनीलाई चित्रण गरिएको छ । हाल दिवंगत ती व्यक्तित्वमध्ये ज्यादाजसो कोही मन्त्री, सांसद, जिविस सभापति, प्रधानपञ्च, पार्टीका पदाधिकारी आदि नै थिए । समग्र चितवन जिल्लाले दिएको योगदान खण्ड-१ तथा राजनीतिक-सामाजिक व्यक्तित्वको जीवनी खण्ड-२ मा उतारिएको छ ।

थारूहरूका राजा चित्रसेनको वन चित्रवन, चित्रसारी, चितुवा पाइने वन, सीतावन भनिँदै पछि 'चितवन' नामकरण भएको तीनथरी भनाइ पाइन्छ जहाँ मोहनशमशेरका पालामा वि.सं. २००६ मा नै राजधानीका जनतालाई पुग्ने धान फलाउन बृहत् बस्ती बसाल्ने योजना बनेको थियो । सात सालको आन्दोलनमा नेपाली कांग्रेसले उपरगढी दाङमा रहेको राणा प्रशासनलाई पराजित गरी जनसरकारसमेत निर्माण गरेको कृतिमा उल्लेख छ । पछि गण्डक क्षेत्रमा आएको बाढीपहिरोबाट विस्थापित जनतालाई यहीं पुनर्वास गराइएको थियो जुन काम अमेरिकाको सहयोगमा आएको राप्ती दून विकास परियोजना (२०१३) अन्तर्गत गरिएको थियो । नेपालको पहिलो सहकारी बखानपुर सहकारी ऋण समिति पनि यही जिल्लामा २०१२ मा स्थापना भई २०१३ मा दर्ता गरिएको थियो । सामाजिक रूपान्तरणसहित राजनीतिक परिवर्तनका लागि वि.सं. २००७, ०१४, २०१७-१८, ०३६, ०४६, ०६२-६३ का आन्दोलनलाई निर्णायक बिन्दुमा पुर्‍याउन चितवनको योगदानको कृतिमा वर्णन गरिएको छ ।

सो राजनीतिक-सामाजिक आन्दोलनमा लाग्ने विभिन्न व्यक्तित्वजस्तै इन्द्रबहादुर थापा, उदयनाथ अधिकारी, एकदेव घिमिरे, एकनाथ रानाभाट, किशोरचन्द्र ढुंगाना, केशवप्रसाद न्यौपाने, चूडामणि चौधरी, छन्दप्रसाद अधिकारी, ठाकुरप्रसाद तिवारी, तुलसीनारायण श्रेष्ठ, बन्धुराज न्यौपाने, बलबहादुर श्रेष्ठ, भैरवराज श्रेष्ठ, रामचन्द्र अधिकारी, सन्तकुमार चौधरी, सुरेशनाथ रेग्मीलगायत प्रायःले कारागार भोगेकै थिए । उनीहरू सबै निःस्वार्थ, इमान्दार र देशभक्त रहेको तथा राजनीतिमा लागेर केही पाउँला भन्ने स्वभावका नभएको नै देखिन्छन् । तिनमध्ये धेरैजसो बाहिरी जिल्लामा रहँदा नै क्रान्तिकारी र समाजसेवी रहेको र बसाइँ सरेर चितवनमा आएपछि पनि बाटोघाटो, पुलपुलेसा, विद्यालय, अस्पताल आदि निर्माण र स्थापना गर्ने काममा लागेकै देखिन्छन् । केहीले भने आदिवासी थारु, चेपाङका पक्षमा काम गरे ।




कृतिमा राष्ट्रपति रामचन्द्र पौडेलको भूमिकामा भनिएको छ, 'राजनीतिक चेतनाको दियो बाल्न अघि सर्ने तिनै अग्रजहरूको योगदानले नै आज मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रको अभ्यास सम्भव भएको हो । इतिहास जीवन्त राख्न गरिने यस्ता प्रयासहरू प्रशंसानीय छन् । यसबाट राजनीतिक परिवर्तन र सामाजिक रूपान्तरणसँगै विकासको अभियान अगाडि बढाउने प्रयास नयाँ पुस्तालाई हस्तान्तरण गर्न मद्दत पुग्नेछ ।' त्यस्तै सम्पादक तथा प्रकाशक सदनका अध्यक्ष घिमिरेले व्यक्ति वा समाज परम्पराको निरन्तरता भएकाले तिनको जानकारी सुलभ बनाउने प्रयासका रूपमा प्रस्तुत कृति ल्याइएको बताएका छन् भने पुस्तक प्रकाशनमा जोडिएका तीर्थराज न्यौपाने, तिलकराज पौडेल र मन थापाले उनीहरूको दूरदर्शी सोचले नै आज चितवनले मात्र नभएर मुलुकले नै धेरै उपलब्धि पाउन सकेको विचार राखेका छन् ।

जीवनी लेख्नु, त्यसमाथि दिवंगतको इतिहास खोतल्नु कठिन काम हो । कृतिका लेखक अधिकारीका अनुसार जीवनीमा समेटिएका व्यक्तित्वका समकालीन र नजिकका मित्र, दीक्षित वा शिष्य, परिवारका सदस्यका स्मरण र अनुभूतिका आधारमा कृति तयार गरिएको हो । यस्ता काम व्यक्ति जीवितै छँदा लेख्न सुरु गर्न सकेको भए अझ थप सूचनाहरू आउन सक्थे ।

जसका कामले समाजमा सकारात्मक परिवर्तन आएको छ, तिनका बारेमा पछिल्ला पुस्ताले पनि जानकारी राख्नु बेस हुने सोच राखी प्रकाशन गरिएको कृतिमा अन्य केही अग्रजको जीवनी पनि छुटेका छन् । प्रस्तुत कृतिमा छुटेका व्यक्तित्वहरू समेटी भाग दुई पनि प्रकाशन गरिने जनाइएको छ । कतिपय व्यक्तित्वले सँगसँगै काम गरेकाले केही कुरा दोहोरिएको जस्तो पनि पाठकलाई लाग्न सक्छ । वर्णविन्यास र भाषाशैलीमा सुधारको गुन्जायस अझै छ । राजनीतिमा चासो राख्नेहरूलाई कृतिको उपयोगिताबारे धेरै भन्नु पर्दैन होला । एक सय ३० पेजको पुस्तकको मूल्य संस्थागत ५०१ र व्यक्तिगत २०१ ठीकै मान्नुपर्छ । *रासस*

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

# 'तातोपानी नाका खुलाउन कूटनीतिक पहल आवश्यक'

**सिन्धुपाल्चोक–** स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले २०७२ सालको विनासकारी भूकम्पपछि पूर्णरूपमा सञ्चालनमा आउन नसकेको चीनसँगको तातोपानी नाका खुलाउन कूटनीतिक पहल आवश्यक रहेको बताएका छन् ।

भोटेकोशी गाउँपालिकाको नवनिर्मित प्रशासकीय भवन बिहीबार उद्घाटन गर्दै मन्त्री बस्नेतले उक्त नाका खुलाउन सरकारले चीनलाई आश्वस्त पार्नसक्नुपर्ने बताए । 'हामीले लामो समयदेखि पहल गर्दा पनि तातोपानी नाका सहजरूपमा सञ्चालन हुन सकेको छैन । नाका खुलाउन सरकारले कूटनीतिक ढंगले चीन सरकारलाई विश्वस्त गर्न सक्नुपर्छ,' उनले भने, 'राजनीतिक तहमा कुरा भइरहेको छ । तर सुरक्षाको विषयलाई लिएर रोकिएको हामीले बुझेका छौं ।'

भूकम्पअघि चीनसँगको मुख्य व्यापारिक नाका रहेको तातोपानी त्यसयता बन्दप्रायः छ । नाका बन्द हुँदा उक्त क्षेत्रका बासिन्दाको जनजीवनमा त्यसको असर देखिएको उनको भनाइ छ । 'नाका सञ्चालन नहुँदा जनताले दुःख पाएका छन् । बस्ती मसानजस्तो भएको छ । यहाँ वैकल्पिक उद्यम व्यवसायका लागि अरु विकल्प पनि छैनन्,' मन्त्री बस्नेतले भने ।

मन्त्री बस्नेतले सडकलगायत पूर्वाधार निर्माणमा गुणस्तरीय काम हुन नसकेको र वर्षान्तमा हुने बजेट खर्च पनि रोक्न नसकिएको बताए । 'प्राविधिक सल्लाहविना सडक संरचना बनाउँदा पहिरोको जोखिम बढेको छ । गुणस्तर निरीक्षणको काम पनि प्रभावकारी छैन । सडक, पुल बनाउँदा गुणस्तर पुर्‍याइएको छ वा छैन भनेर निरीक्षण गर्ने काम पनि निष्पक्षरूपमा हुन सकेको छैन,' स्वास्थ्यमन्त्री बस्नेतले बने । हतारमा काम गरेर आर्थिक वर्षको अन्त्यमा भुक्तानी गर्ने प्रवृत्ति रोक्न नसकिएको पनि उनले स्वीकारे ।

नागरिकलाई आधारभूत तहको शिक्षा र स्वास्थ्य सुविधाको प्रत्याभूति गराउन सरकारले पहल गरिरहेको र आर्थिकरूपमा विपन्नलाई यस्तो सुविधाको ग्यारेन्टी सरकारले गर्ने मन्त्री बस्नेतको दाबी छ । 'आर्थिकरूपमा कमजोर र विपन्न नागरिकका लागि निःशुल्क स्वास्थ्य उपचार सेवा उपलब्ध गराउन अस्पतालले १० प्रतिशत बिरामीलाई निःशुल्क सेवा दिनुपर्ने व्यवस्था सरकारले कडाइका साथ कार्यान्वयन गरिरहेको छ । अबको तीन महिनाभित्रमा नेपालको स्वास्थ्य क्षेत्रमा ठूलै परिवर्तन गर्छौं,' उनले भने । *रासस*

## एइई नतिजामा...

पृष्ठ १ बाट जारी

हुनुमा विद्यालय व्यवस्थापन समितिको जागरुकता, शिक्षकको मिहेनत र समुदायले विद्यालयलाई हेर्ने सकारात्मक दृष्टिकोण एवं सरकारको विद्यालय क्षेत्र सुधार हुँदै विद्यालय शिक्षा क्षेत्र सुधार कार्यक्रमको थालनीले प्रभाव पारेको हो । 'कोभिडपछि भौतिक उपस्थितिमा विद्यालयमा पढ्न पाउँदा अभिभावक र विद्यार्थीहरू उत्साहित भएको र कोभिडका समयमा सञ्चार प्रविधिबाट पढ्दा खेप्नुपरेको हैरानीको राम्रो क्षतिपूर्ति मिलेको अनुभव भएको छ,' नतिजाको सुधारबारे अध्यक्ष तुलाधरले भने ।

बोर्डका अध्यक्ष शर्माले परीक्षा प्रणालीको सुधार र कक्षा कोठाको वातावरणमा सुधार आएमा नतिजामा सुधार आउने भन्दै समग्र नतिजाको मूल्यांकनबारे विस्तृत अध्ययनपछि के आधारमा सुधार आयो भन्न सकिने बताए । उनले सामुदायिक र संस्थागत विद्यालयका आधारमा नतिजालाई तुलना गरेर विद्यार्थीबीच विभेद सिर्जना नगरिने स्पष्ट पारे ।

### तोकियो कक्षा ११ मा भर्नाका आधार

एसइईको परीक्षाफल प्रकाशन भएसँगै राष्ट्रिय परीक्षा बोर्डले कक्षा ११ मा भर्ना गर्ने आधारसहित क्याम्पस प्रमुखहरूलाई परिपत्र गरेको छ । बिहीबार बोर्डको प्रदेश परीक्षा व्यवस्थापन कार्यालय बागमती प्रदेशकी कार्यालय प्रमुख जयन्ती सत्यालले प्रधानाध्यापक र क्याम्पस प्रमुखको नाममा उक्त परिपत्र जारी गरेकी हुन् ।

साधारण शिक्षातर्फ कक्षा ११ मा भौतिक विज्ञान, रसायन विज्ञान, जीव विज्ञान र गणित विषय अध्ययन गर्न न्यूनतम औसत ग्रेड प्वाइंट (जिपिए) १.६ प्राप्त गरी कक्षा १० मा अध्ययन गरेका अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषयमा सी प्लस ग्रेड प्राप्त गरेको हुनुपर्ने परिपत्रमा भनिएको छ । यसबाहेक अन्य विषय अध्ययन गर्न न्यूनतम औसत ग्रेड प्वाइन्ट (जिपिए) १.६ प्राप्त गरेको हुनुपर्ने परिपत्रमा भनिएको छ । मौका परीक्षाका भने बोर्डले साउन महिनाको अन्तिममा सञ्चालन गर्नेछ ।

## बोलपत्रद्वारा गोलिया काठ लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८०/०३/२२**

यस जितपुर बडारे सामुदायिक वनबाट आ.व. ०७९/०८० मा स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम रुख कटान भई उत्पादन भएको गुर्जीसेरो, हरिहरपुरगढि गा.पा.-१ स्थित घाटगद्दीमा विभिन्न लट बनाई राखिएको साल जातका गोलिया थान १६८ को १९०४.७४ क्यू.फिट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भई सालबसाली नविकरण गरेका ईच्छुक वन नियमावली, २०७९ को नियम १२८ बमोजिम काठ दाउरामा आधारित सूचिकृत स:मिल र भेनियर तथा प्लाईउड उद्योगले यो सूचना यस राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दर्ता दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । विस्तृत व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**–श्री जितपुर बडारे सामुदायिक वन उपभोक्ता समूह**
**हरिहरपुरगढि गा.पा.–१, सिन्धुली**

## अनलाइन पत्रिका बन्द हुने सूचना

**तेस्रो पटक सूचना प्रकाशित मिति : २०८०/०३/२२**

यस www.samridnepal.com नामक अनलाइन पत्रिका कुनै दायित्व नरहने गरी बन्द गर्न लागिएको हुँदा तत्सन्बन्धमा कोही कसैको केही लेनदेन बाँकी बक्यौता भएमा यस सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा सम्पर्क गरी हिसाब मिलान गर्नहुन अनुरोध गर्दछौं ।

www.samridnepal.com


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : S.C. METAL SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०३/२१ | LT. No. 288987 | चलानी नं. ६०२०४२७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २९ गते (14th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सामाजिक सुरक्षा कोष बापतको न्युनतम पहिलो किस्ता:** रु.२,००२/- कामदार आफैले

**सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२३८/०७४/०७५

**S.And S.Human Resource Pvt. Ltd.**

Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5523287
Fax : +977-1-5523287, E-mail : sands1238@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDUL MAJEED ABDUL RAHMAN AL JERAISY RECRUITMENT COMPANY BRANCH

पूर्व स्वीकृति मिति २०७८/१२/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२१ | LT. No. 257819 | चलानी नं. ६०२००७४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Factor | 18 | 0 | 1000 | ३५,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २८ गते (13th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD**

श्रम ईजाजत नं. १३१८/७४/७५

Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-439046, 4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com



## फ्रि भिषा !! फ्रि टिकट !!

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : FREIGHTWATCH G PATOMOTOH SECURITY SERVICES SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०७/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२१ | LT. No. 274712 | चलानी नं. ६०१९०४३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 300 | 0 | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २९ गते (14th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**R. A. International Employment Agency Pvt Ltd**

श्रम ईजाजत नं. १४०४/०७४/०७५

Basundhara-03 Metropolitan City, Kathmandu, Tel: +977-1-4016740, 4016760,4388035, Fax: 4016745
E-mail: rainternational81@gmail.com,Website www.rainternational.net



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KESM INDUSTRIES BERHAD

पूर्व स्वीकृति मिति २०७९/१२/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/२१ | LT. No. 283809 | चलानी नं. ६०१९९८९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 0 | 15 | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २९ गते (14th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Paradeshi Overseas Services Pvt. Ltd.**

Govt. License 387/059/060

Chondol, Gitanjali Marga 04, Kathmandu, Nepal
Tel: +977 1 4418252, Fax: +977 1 4480765
Email: paradeshiservices@gmail.com
Website: www.paradeshioverseas.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी: SHAMS ALWAFA HOSPITALITY SERVICES CO. LLC

पूर्व स्वीकृति मिति २०८०/०३/२१ | LT. No.288940 | चलानी नं. ६०२०४२८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 40 | 1300 | ४६,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २९ गते (14th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**OZONE OVERSEAS SERVICE PVT. LTD.**

Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795
E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com

श्रम ईजाजत नं. ४४८/०६०/०६१



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PERFECT DINING SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०३/२१ | LT. No. 288985 | चलानी नं. ६०२०४२९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crew Restaurant | 5 | 0 | 1500 | ४२,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २९ गते (14th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sandiya Human Resources Pvt. Ltd.**

श्रम ईजाजत नं. १०९७/०७३/०७४

Dhumbarai-4, Kathmandu, Nepal, Phone No. +977-1-5199505, 9801181641, 9851155563, 9801181681
E-mail: sandiyahr17@gmail.com, Website : www.sandiyahr.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : THE LADY'S CORNER SALON AND HEALTH INSTITUTE CO.

पूर्व स्वीकृति मिति २०७९/०७/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२१ | LT No :274812 | चलानी नं. ६०१९०५०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 40 | 150 | ६४१७६ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | cleaner | 0 | 8 | 85 | ३६३६६ | | | | | | | |
| 3 | Receptionist | 0 | 8 | 135 | ५७७५८ | | | | | | | |

कम्पनी : VIEW CAFE

पूर्व स्वीकृति मिति २०७९/०८/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२१ | LT No :251569 | चलानी नं. ६०१९०५०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 2 | 0 | 150 | ६४१७६ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 19 | 0 | 90 | ३८५०५ | | | | | | | |
| 3 | Kitchen Helper | 10 | 0 | 120 | ५१३४१ | | | | | | | |
| 4 | waiter | 10 | 0 | 120 | ५१३४१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २९ गते (14th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**

Govt. License No. 1352/074/075

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## मलेसिया/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JSC SECURITY SERVICES SDN.BHD.

पूर्व स्वीकृति मिति : २०७९/१२/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२१ | LT. No. 284215 | चलानी नं. ६०१९९७११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 32 | 0 | 1000 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SAFARI JOINT STOCK COMPANY

पूर्व स्वीकृति मिति : २०७९/१२/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२१ | LT. No. 284213 | चलानी नं. ६०१९९५७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office And Facilities Cleaning Worker | 1 | 0 | 1000 | ३५,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GULF AWTAD FOUNDATION FOR GENERAL CAONTRACTING

पूर्व स्वीकृति मिति : २०८०/०२/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२१ | LT. No. 287009 | चलानी नं. ६०२०२४०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 10 | 0 | 1200 | ४२,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २९ गते (14th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Munal Overseas Pvt. Ltd.**

श्रम ईजाजत नं. ४६५/०६०/०६१

Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4461297, 4468625, Fax: +977-01-4462046



## कतार/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : UNIPLAST CO

पूर्व स्वीकृति मिति २०८०/०३/२१ | LT. No. 288982 | चलानी नं. ६०२०४२९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1500 | ५४,१७५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 2500 | ९०,२९५ | | | | | | | |
| 3 | Labour | 23 | 0 | 1000 | ३६,३०० | | | | | | | |

कम्पनी : TECK & GUAN METAL FINISHING SDN BHD

पूर्व स्वीकृति मिति २०७९/११/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२१ | LT. No. 281763 | चलानी नं. ६०१९७२८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 15 | 0 | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २९ गते (14th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

MINAWA RECRUITMENT HR PVT LTD

Govt.Lic.No- 1168/073/074

**MINAWA RECRUITMENT H.R. PVT LTD**

Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | Mobile: +977-9851002539, E:-minawarecruitment@gmail.com | w:-www.minawarecruitment.com


# प्रभाव दैनिक





## 'कोतपर्व' मा जोडिए सौगात

अभिनेता सौगात मल्ल पछिल्लो समय निकै यस्त छन् । उनी एकपछि अर्को फिल्ममा जोडिने क्रम बढ्दो छ । यस्तैमा उनी नयाँ फिल्म 'कोतपर्व' मा जोडिएका छन् । कथावस्तु र चरित्र मनपरेकोले फिल्ममा जोडिएको सौगात बताए । फिल्म नेपाललाई १०४ वर्ष जहानियाँ राणा शासनमा धकेलेको कोतपर्वको बिषयमा बन्न लागेको हो । फिल्ममा सौगात मल्ल जंगबहादुर राणाको भूमिकामा देखिनेछन् । फिल्म रिमेश अधिकारीले निर्देशन गर्न लागेका हुन् । रिमेश अधिकारी फिल्मस् प्रोडक्सन र श्रीत फिल्मस् एण्ड इन्टरटेनमेन्टको संयुक्त ब्यानरमा बन्न लागेको फिल्मको पोस्ट प्रोडक्सनको सम्पूर्ण काम मुम्बईको स्टुडियोमा गर्ने तयारीमा निर्माण टिम रहेको छ । फिल्मका अन्य कलाकार र प्रबिधिक पक्ष भने फाइनल हुन बाँकी छ ।





# रमलालाई 'राष्ट्रिय व्यक्तित्व तथा प्रतिभा' सम्मान



■ प्रभाव संवाददाता

**काठमाडौं–** गायिका रमला पाखिन तामाङ 'राष्ट्रिय व्यक्तित्व तथा प्रतिभा सम्मान २०८०' बाट सम्मानित भएकी छन् । शनिबार जमलस्थित राष्ट्रिय नाचघरमा रिवन इन्टरटेनमेन्ट प्रालिले पाखिनलाई उक्त सम्मान अर्पण गरेको हो । राष्ट्रिय गानको रचनाकार ब्याकुल माइला, गायिका देविका बन्दना, अभिनेता धिरेन शाक्य, प्रालिका अध्यक्ष निशुकान्त झा लगायतका व्यक्तित्वहरूको सहभागितामा पूर्व उपराष्ट्रपति परमानन्द झाले उनलाई सम्मानपत्र प्रदान गरे।

झन्डै साढे दुई दशकदेखि सांगीतिक क्षेत्रमा अनवरत रूपमा लागेकी पाखिनले विशेषत धादिङ, नुवाकोट र रसुवा जिल्लाको पश्चिमी भेगमा तामाङ समुदायमा प्रचलित लोकगीत म्हेन्दोमायालाई राष्ट्रिय तथा अन्तर राष्ट्रियस्तरसम्म पुऱ्याउन अतुलनीय योगदान पुऱ्याएकी छन्। ०५६ मा 'म्हेन्दोमाया युवा समाज नेपाल'को सहयोगमा पहिलो 'म्हेन्दोमाया गीतिसंग्रह'मा समावेश 'डेन्साङ डेन्साङ फ्याफुल्ला' स्वागत गीतमा स्वर दिएर उनले 'म्हेन्दोमाया' गीतको पहिलो महिला गायिकाका रूपमा संगीतको यात्रा तय गरेकी थिइन्। हालसम्म उनले म्हेन्दोमायासँगै तामाङ सेलो, नेपाली आधुनिक गरी ६ सय भन्दा बढी गीतमा आफ्नो स्वर भरेकी छन्। उनका 'अम्बले अम्बले', 'लक्पर योन्दोङ', कर्स्योल पोङ', 'साइकोले कोउ', 'सिङ्ल म्हने' 'गङजोरी तामर म्हेन्दो', 'रन्ता तपरीम' जस्ता गीतहरू चर्चित छन्। हालै मात्र उनले 'म्हेन्दोरी लोई' बोलको म्हेन्दोमाया गीत म्युजिक भिडियोसहित सार्वजनिक समेत गरेकी छन् । सम्मानले सांगीतिक सिर्जनाका लागि अझै उर्जा थपिएको उनले सुनाइन् ।

'हाम्रो अभियान देशको गौरवलाई सम्मान' भन्ने अभिप्रायले गरिएको सम्मान कार्यक्रममा गीतसंगीत तथा लेखन क्षेत्रका दर्जनभन्दा बढी स्रष्टाहरूलाई सम्मान गरिएको थियो ।

# 'राष्ट्रिय चलचित्र नीति'को मस्यौदामाथि छलफल

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय चलचित्र नीति-२०८० को मस्यौदामाथि छलफल तथा सुझाव संकलन कार्यक्रम सम्पन्न भएको छ । चलचित्र विकास बोर्डले बिहीबार बोर्डमा एक कार्यक्रमको आयोजना गर्दै राष्ट्रिय चलचित्र नीतिको मस्यौदा माथि छलफल तथा सुझाव संकलन गरेको हो ।

बोर्ड सदस्य के एल बुढाथोकीको संयोजकत्वमा तयार भएको राष्ट्रिय चलचित्र नीति-२०८० माथि चलचित्रसँग सम्बन्धित संघ संस्था र सरोकारवालाहरूबीच छलफल तथा सुझाव संकलन गरिएको हो ।

चलचित्र विकास बोर्डमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका उप-सचिव विशाल सापकोटा सदस्य सचिवको रूपमा आएपछि चलचित्र नीतिमा छलफल तथा सुझाव संकलन कार्यक्रम गरिएको हो ।

चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसीको अध्यक्षतामा आयोजित कार्यक्रममा बोर्डको संस्थापक अध्यक्ष तथा वरिष्ठ निर्देशक यादव खरेल, पूर्व अध्यक्ष कृष्ण मल्ल, अमरराज गिरी, निवर्तमान अध्यक्ष



दयाराम दाहाल, बोर्ड सदस्य राजु केसी, नेपाल चलचित्र कलाकार संघका अध्यक्ष मोहन निरौला, नेपाल चलचित्र संघका महासचिव नरेन्द्र महर्जन, नेपाल चलचित्र निर्माता संघका अध्यक्ष नबल खड्का, नेपाल आदिवासी चलचित्रकर्मी महासंघका निवर्तमान अध्यक्ष अमृत सुनुवार, नेपाल चलचित्र नृत्य संघका अध्यक्ष जनक कार्की, नेपाल चलचित्र द्वन्द्व कलाकार संघका अध्यक्ष नारायण प्रधान, संगीतकार संघका अध्यक्ष चेतन सापकोटा, चलचित्र पत्रकार संघ नेपालका अध्यक्ष समीर बलामीसहित बोर्डका कर्मचारी तथा अन्य सरोकारवाला प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

